**निर्णय नं : १.**

जिल्ला समन्वय समिति तनहुँबाट आर्थिक वर्ष २०७६।७७ मा सम्पादन गरिएको वार्षिक कार्यसम्पादन प्रतिवेदन स्वीकृत गरियो ।

**निर्णय नं. : २**

जिल्ला समन्वय समितिका प्रमुख श्री शान्तिरमण वाग्ले बाट प्रस्तुत गरिएको आर्थिक वर्ष २०७७।७८ को वार्षिक नीति, कार्यक्रम वजेट लाई स्वीकृत गरियो । (अनुसूची १ : आ व २०७७।७८ को वार्षिक नीति तथा कार्यक्रम)

**निर्णय नं. : ३**

जिल्ला सभाको मिति २०७५ श्रावण ७ गते स्वीकृत गरिएको जिल्ला सभा संचालन कार्यविधि, २०७५ लाई निम्नानुसार संशोधन (प्रथम संशोधन) गरियो ।

**निम्न**

| सि. नं. | जिल्ला सभा संचालन कार्यविधिको हालको व्यवस्था | | संशोधन गरिएको व्यहोरा | |
|---|---|---|---|---|
| | दफा | व्यवस्था | दफा | व्यहोरा |
| १ | ३ | सभाको **अधिवेशन** वोलाउने भन्ने व्ययवस्था । | ३ | सभाको **अधिवेश** भन्ने शव्दको सटटा **वैठक** शव्द राख्ने । यस पछिका विभिन्न दफामा **अधिवेशन** शव्दको ठाउँहरुमा वैठक शव्द राख्ने । |
| | ७.१ | अध्यक्षको निर्देशानुसार सभाको सचिवले कार्यसूचि र समय तालिका अनुसूची १ वमोजिम तयार गर्नेछ र त्यसको एक प्रति सामान्यतया **अढ्चालिस** घण्टा अगावै प्रत्येक सदस्यलाई उपलव्ध गराउने छ । तर विशेष परिस्थितीमा अध्यक्षको निर्देशानुसार वैठक वस्ने **चौविस घण्टा** अगावै कार्यसूची तयार गरी तयसको एक प्रति सदस्यलाई सभाको सचिवले उपलव्ध गराउन सक्नेछ । | ७.१ | **अढचालिस** घण्टा भन्ने शव्दको सटटा **चौविसघण्टा** र चौविस घण्टा भन्ने शव्दको सटटा **वाह्र घण्टा** वनाउने । |
| २ | २५ ख | प्रस्ताव ऐन वनेपछि आर्थिक व्ययभार हुने रहेछ भने सो रकम कसरी व्यवस्था हुन्छ त्यसको विस्तृत विवरण सहितको आर्थिक टिप्पणी । | २५ ख | **ख** को यो सवै व्यहोरा हटाउने । |
| | २५ ग | कुनै प्रस्तावमा नियम कार्यविधि, निर्देशिका वनाउने वा अधिकार प्रत्यायोजन गर्ने प्रावधान रहेको भए त्यसको कारण प्रत्यायोजित अधिकार अर्न्तगत वनाईने नियम कार्यविधि वा निर्देशिकाको प्रकृति र सीा तथा त्यसबाट पर्न सक्ने प्रभाव सम्वन्धी टिप्पणी । | २५ ग | **ग** को यो सवै व्यहोरा हटाउने । |
| ३ | २६.१ | सभाको अधिकार क्षेत्रभि पर्ने कुनै विषयमा कुनै सदस्यले प्रस्ताव पेश गर्न चाहेमा प्रस्ताव तयार गरी सभाको वैठक वस्ने मिति भन्दा कम्तिमा **पन्ध्र दिन** अगावै अध्यक्षलाई उपलव्ध गराई दर्ता जि स स कार्यालयमा गराउनु पर्नेछ । | २६.१ | **पन्ध दिनको** सटटा ७ दिन राख्ने । |
| ३ | ३४.१ | दफा २६ वमोजिम दर्ता भएको प्रस्ताव वा प्रस्ताव उपर कुनै सदस्यले संशोधन पेश गर्न चाहेमा सभाको वैठक हुनुभन्दा कम्तिमा **अढ्चालिस घण्टा** अगावै संशोधनको प्रस्ताव अध्यक्ष समक्ष पेश गर्न सक्नेछ । | ३४.१ | **अढ्चालिस घण्टा** शव्द हटाई **चौविस घण्टा** राख्ने । |
| ४ | ३९ | दफा ४२ वमोजिम सभाबाट पारित भएको प्रस्तावलाई सभाको सचिवले पारित भएको संशोधन तथा आनुषंागिक मिलान भए त्यस्तो मिलान गरी प्रस्ताव पारित भएको मिति समेत उल्लेख गरी प्रमाणिकरणको लागि **नेपाली कागजमा चार** प्रति तयार गर्नुपर्नेछ । | ३९ | **नेपाली कागजमा चार प्रति तयार गर्नुपर्नेछ** भन्ने शव्दको सटटा **प्रमाणिकरणको लागि तयार गर्नुपर्नेछ** भन्ने शव्द राख्ने । |

**निर्णय नं. : ४**

जिससको स्वामित्वको घर, टहरा, जग्गा, सटर पसल आदिको हालको भाडादर, संझौताका शर्तहरु, संझौताको अवधि,आगामी समयको नवीकरण, तिनको भौतिक अवस्था समेतको अध्ययन गरी राय सुझाव पेश गर्नका लागि मिति २०७७।३।१५ गते जि स स सदस्य श्री निल वहादुर थापाज्यू को अध्यक्षतामा गठन भएको ३ सदस्यीय कार्यदलले पेश गरेको राय सुझावको प्रतिवेदन र पुन सोही विषयका सम्वन्धमा २०७७।३।२५ गते जि स स उपप्रमुख श्री पवित्रादेवी पौडेलको अध्यक्षतामा गठन भएको ५ सदस्यीय कार्यदलले तयार गरि पेश गरेको प्रतिवेदन वमोजिम जि स स को मिति २०७७।४।८ गतेको वैठक बाट सिफारिस भई आएका निम्न अनुसारका प्रस्तावहरुमा निम्न अनुसारको निर्णय गरियो ।

**निम्न**

(क) साविक जिविसको कार्यालय, तनहुँबाट मिति २०६९।३।३१ गतेको मितिमा व्यास नगरपालिका वडा नं ४ वस्ने श्री दिपेश वस्नेतलाई जिविसको स्वामित्वमा रहेको साविक फराकचौर ९/ग १६३७ को गणेशमान चोकको जग्गा (हाल दमौली ट्रेड सेन्टर) व्यापारिक

प्रयोजनको लागि न.पा.बाट स्वीकृत डिजाईन तथा नापनक्सा अनुसार सटरकवलहरु निर्माणको लागि लिजमा(भाडामा) दिन संझौता भएको । उक्त संझौतापत्रको (२०६९।३।३१ गतेको) शर्त नं ३ मा " यो संझौता मिति २०६९ साल श्रावण १ गतेदेखि लागू भई ५ वर्षको हुनेछ । यदि जिल्ला परिषद्ले निर्णय गरि प्रचलित वजार मूल्य वमोजिमको मूल्य कायम गरि ३/३ वर्षको दरले २ पटक म्याद थप गरेमा तत्पश्चात उक्त जग्गामा वनेको संरचना स्वत: जिल्ला विकास समितिको नाममा आउनेछ " भन्ने व्यहोरा उल्लेख भएको । यो संझौताको ५ वर्षको म्याद सकिनु अगावै जिल्ला परिषद्को निर्णयअनुसार साविक जिल्ला विकास समितिको कार्यालयको च नं २६११ मिति २०७३।११।९ को पत्रबाट निजको संझौताको म्याद पहिलो ३ वर्षको लागि ( २०७४ श्रावण देखि २०७७ अषाढ सम्म ) थप गरिएको । साथै सोही पत्रबाट निजलाई " ..............दोश्रो ३(तीन) वर्षको सम्वन्धमा पहिलो ३ वर्ष (२०७४ श्रावण-२०७७ अषाढ) अन्तिम वर्षमा नै जिल्ला विकास समितिले तत्काल कायम रहेको भाडामा केहि प्रतिशत थप गरेर भाडा रकम कायम गरि ठेक्का केहि वर्ष थप गर्ने गरि नवीकरण गर्ने निर्णय भएको व्यहोरा जानकारीको लागि अनुरोध छ" भनि निज दिपेश वस्नेतलाई पत्र दिईएको ।

यसरी जिल्ला समन्वय समितिको नाममा रहेको उल्लेखित जग्गालाई उपरोक्त अनुसार संझौता र शर्त राखी पुन: पहिलो ३ वर्षको म्याद थप गरि सकिएको हुँदा र पहिलो पटकको मिति २०६९।३।३१ गतेको संझौताको शर्त नं ३ र पछिल्लो पटक निजलाई दिईएको पत्रको वुदाँ नं ख को शर्तको व्यहोरा हेर्दा जिल्ला समन्वय समितिबाट निजको भाडा संझौतालाई नवीकरण गर्दा अब दोस्रो पटकको ३ वर्षको म्याद समाप्त भएपछि मिति २०६९।३।३१ गतेको संझौताको शर्त नं ३ अनुसार हाल त्याँहा निर्मित भएका संरचनाहरु जिसस लाई प्राप्त हुन आउने देखिन्छ । साथै संझौताको नवीकरण नगरिकन अगाडी वढ्दा उक्त जग्गामा तत्काल जि स स ले भौतिक संरचना निर्माण गरि पसल कवल हरु निर्माण गर्न नसक्ने, जग्गाको संरक्षण गर्न पनि कठिनाई हुने देखिन्छ साथै निज दिपेश वस्नेत संग २०६९।४।१ मा गरेको संझौताको शर्त नं ३ वमोजिम हाल उक्त जग्गामा निर्मित भौतिक संरचनाहरु पनि स्वत: जिविसको नाममा आउने देखिने हुँदा यि सवै कुराहरुलाई मनन गर्दै निजको संझौता नवीकरण गर्न उपयुक्त हुने देखिएकोले दोस्रो पटकको ३ वर्ष ( २०७७ श्रावण १ गतेदेखि २०८० असार मसान्त सम्म) भाडा संझौता नवीकरण गर्ने र भाडा वृद्धिका सम्वन्धमा निम्न अनुसार गर्ने निर्णय गरियो :

(अ) हालको मासिक भाडादर रु १२८०००। (एक लाख अठठाईस हजार रुपैया) मा उक्त वजार क्षेत्रको चलनचल्तीको भाडादरको अवस्था लाई समेत विश्लेषण गरि ५० प्रतिशत ( ६४०००। चौसठठी हजार रुपैया ) भाडा रकम रकम वृद्धि गरि आ व ०७७।७८ देखि ०७८।७९ को लागि मासिक भाडादर १९२०००। ( एकलाख वयानव्वे हजार ) कायम गर्ने ।

(आ) २०७८।२०७९ को आर्थिक वर्षको अन्त भएपछि वाकि रहेको अवधि आ.व २०७९।८० को लागि ( १ वर्षको लागि) जिल्ला सभाले भाडाको सम्वन्धमा पुनरावलोकन गर्न सक्ने ।

**(ख)** जिल्ला समन्वय समितिबाट भाडामा लगाईएका घर/जग्गा/सटर पसल कवल/टहराहरुमा साविक देखि संझौता गरि वस्दै आएका व्यक्तिहरु संग आ व २०७६।७७ अनुसारको भाडादर कायम हुनेगरी आ व २०७७।७८ को लागि भाडा संझौता नवीकरण गर्ने ।

**निर्णय नं. : ५**

जिल्ला समन्वय समितिबाट भाडामा लगाई आईएको घर/जग्गा/सटर/टहराहरुमा वस्ने व्यापारी, व्यवसायी, व्यक्तिहरुले विश्वव्यापी रुपमा महामारीको रुपमा फैलिईरहेको कोरोना संक्रमणको असरलाई न्यूनिकरण गर्न नेपाल सरकारले मिति २०७६ चैत्र ११ गतेदेखि लक डाउन घोषणा गरेको हुँदा सो मिति देखि सवै व्यापार व्यवसाय ठप्प भई आफूहरुको व्यवसायीक आम्दानीमा असर परेको हुँदा लकडाउन घोषणा समाप्त नभएसम्मको अवधिको भाडादर मिनाहा(छुट) गरि पाउँ भनि गरेको अनुरोधका सम्वन्धमा जिससको मिति २०७७।१।१८ गतेको वोर्ड वैठकवाट भाडा मिनाहा(छुट)को सम्वन्धमा सं मा तथा सा प्र मं मा आवश्यक निर्देशन माग गर्ने भन्ने निर्णय भए अनुसार जि स स कार्यालयबाट सं मा तथा सा प्र मं सिहदरवारमा च न. ४५३ मिति २०७७।१।२१ को पत्रबाट निर्देशन पठाईदिनका लागि अनुरोध गरिएकोमा हाल सम्म कुनै निर्देशन प्राप्त हुन नआएको । यस वीचमा भाडामा वस्ने व्यापारी, व्यवसायी, व्यक्तिहरुले २०७७।३।३० गते निवेदन दिई, डेलिगेसन आई सरकारले घोषणा गरेको लक डाउन अवधिभरको भाडा मिनाहा (छुट) र विलम्व शुल्क छुटको लागि दिएको निवेदनका सम्वन्धमा निम्न अनुसारको निर्णय गरियो ।

**निम्न**

**क)** नेपाल सरकारले लक डाउन घोषणा गरेको मिति २०७६ चैत्र ११ गतेदेखि दुई महिना अवधि सम्मको ( मिति २०७७।२।१० गतेसम्मको ) घर/जग्गा/सटर/टहराहरुको संझौता अनुसारको भाडा रकम मिनाहा (छुट) गरिदिन न्यायसंगत हुने देखिएको हुँदा सो अनुसार २ (दुई) महिनाको भाडा रकम मिनाहा (छुट) गर्न एवम् निजहरुले वुझाउन वाकिँरहेको लक डाउन घोषणा पछिको वुझाउन वाकिँ भाडा रकममा लाग्ने २०७७ असार मसान्त सम्मको विलम्व शुल्क समेत छुट दिनका लागि सहमति उपलव्ध गराईदिन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरवार, काठमाण्डौमा अनुरोध गरि पठाउने ।

**निर्णय नं. : ६**

जिल्ला समन्वय समिबिाट आर्थिक वर्ष २०७६।७७ मा भएको निम्न अनुसारको आय र व्ययको खर्च विवरण एवम् आर्थिक वर्ष २०७७।७८ को प्रस्तावित आय र व्ययको अनुमानीत खर्च वजेटलाई स्वीकृत गरियो ।

**निम्न**

**(क) आ.व ०७६।७७ को शिर्षकगत आय र व्यय**

| सि. नं | वजेट शिर्षक | २०७६।७७ का लागि स्वीकृत अनुमानित रकम | २०७६।७७ मा खर्च रकम |
|---|---|---|---|
| १ | केन्द्रीय अनुदान निशर्त चालू अनुदान | १२०४६०००।०० | १०७११३४६।५० |
| २ | गण्डकी प्रदेश सरकारबाट प्राप्त अनुदान (मु मं तथा मं प कार्यालय) | ५००००००।०० | ४९४७१४।०० |
| ३ | स्था.पू.वि.सा.कार्यकमको प्रशासनिक खर्च | ६००००००।०० | ९३६७८५।०० |
| ४ | जिसस मौज्दातकोषको ०७५।७६ को प्रशासनिक खर्च २० लाख मध्येको वचत रकम | १२३४५८।०० | ०० |
| ५ | २०७४।७५ सम्मको मौज्दात कोषको रकम | १११०९५७४४।७६ | ३३८०००००।०० |
| ६ | आ.व २०७५।७६ को आन्तरिक आयको मौज्दात | ९९१८६१८।०० | ०० |
| ७ | मलेप प्रतिवेदन अनुसार राजश्व दाखिला गर्न | २२६१०६०।९० | २२६१०६०।९० |
| ८ | सेवा निवृत्त कर्मचारीको सुविधा वापत विनियोजन | १०००००००।०० | ०० |
| ९ | ग.सं विश्वेश्वर कार्यकम जि समन्वयकर्ता तलव | २९९०००।०० | २९९०००।०० |
| १० | सामाजिक विकास मन्त्रालय, गण्डकी प्रदेश सरकार | - | २६७८५०।०० |
| | जम्मा | १४,६८,४३,८८१।७० | ४,८७,७०,७५६।४० |

नोट : सामाजिक विकास मन्त्रालय गण्डकी प्रदेश सरकारबाट रु २५००००।०० रकम लोक सेवा आयोगको तयारी कक्षा प्रशिक्षणको लागि र रु ५००००।०० लैङ्गिक हिंसा सम्वन्धी कार्यकमका लागि आएकोमा रु २६७८५०।०० खर्च भएको ।

**(ख) आ व ०७६।७७ को केन्द्रीय अनुदान निशर्त चालू अनुदानको आय र व्यय :**

| सि नं | स्वीकृत वजेट खर्च शिर्षक | २०७६।७७ को लागि विनियोजन स्वीकृत | २०७६।७७ को खर्च | वाकिँ |
|---|---|---|---|---|
| १ | पदाधिकारी सुविधा | २२७९०००।०० | २२७९०००।०० | ०० |
| २ | कर्मचारी तलव भत्ता | ५८१३०००।०० | ४६०९७३७।०० | १२०३२६३।०० |
| ३ | करार सेवा शुल्क | ४२६०००।०० | ३८६६००।०० | ३९४००।०० |
| ४ | अनुगमन मूल्यांकन | ६०००००।०० | ५२४३३०।०० | ७५६७०।०० |
| ५ | वार्षिक समिक्षा गोष्ठि तथा जि. स. सं. | ४५०००।०० | ४३६९७०।०० | १३०३०।०० |
| ६ | वैठक भत्ता | ३०००००।०० | ३०००००।०० | ०० |
| ६.१ | कार्यालय संचालन (पानी तथा विजुली, स्टेसनरी, छपाई पत्रपत्रिका, संचार महशुल, मर्मत संम्भार, ईन्धन तथा अन्य ईन्धन, विविध, सवारी साधन नवीकरण विविध आदि ) | २१७८०००।०० | २१७४७०९।५० | ०० |
| | जम्मा | १२०४६०००।०० | १०७११३४६।५० | १३३४६५३।५० |

**(ग) आ व ०७६।७७ को स्थानीय पूर्वाधार विकास साझेदारी कार्यकमको आय र व्यय :**

| सि नं | स्वीकृत वजेट खर्च शिर्षक | २०७६।७७ को लागि विनियोजन स्वीकृत | २०७६।७७ को खर्च | वाकिँ |
|---|---|---|---|---|
| १ | प्रतिनिधि खर्च | १०,८०,०००।०० | २,००,०००।०० | १४३२१५।०० |
| २ | वैठक भत्ता | | १५२०००।०० | |
| ३ | कार्यालय संचालन | | ३३१२२६।०० | |
| ४ | पानी तथा विजुली | | १८४१४०।०० | |
| ५ | संचार महशुल | | २२१५०।०० | |
| ६ | मर्मत सम्भार | | २७३५९।०० | |
| ७ | ईन्धन तथा अन्य ईन्धन | | ८०००।०० | |
| ८ | विविध | | ११९१०।०० | |
| | जम्मा | | ९३६७८५।०० | १४३२१५।०० |

(घ) आ व ०७६।७७ को गण्डकी प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट प्राप्त आय र व्यय :

| सि नं | स्वीकृत वजेट खर्च शिर्षक | २०७६।७७ को लागि अख्तियारी प्राप्त हुन आएको रकम | २०७६।७७ को खर्च | बाकिँ |
|---|---|---|---|---|
| १ | अनुगमन मूल्यांकन | | ३५५४००।०० | |
| २ | कार्यालय संचालन | | ६०४३२।०० | |
| ३ | पानी तथा विजुली | | २१५०।०० | |
| ४ | मर्मत सम्भार (सवारी साधन) | | १५३८७।०० | ५२८६।०० |
| ५ | ईन्धन तथा अन्य ईन्धन | ५,००,०००।०० | ४१४७०।०० | |
| ६ | विविध | | १९८७५।०० | |
| | जम्मा : | | ४,९४,७१४।०० | ५२८६।०० |

(ङ) आ व ०७७।७८ को अनुमानित आय र व्यय :

| सि.नं | वजेट शिर्षक | आ.व २०७७।७८ को आय अनुमान | आ व २०७७।७८ को स्वीकृत व्यय रकम |
|---|---|---|---|
| १ | केन्द्रीय अनुदान निशर्त चालू अनुदान | १,२७,६६,०००।०० | १,२७,६६,०००।०० |
| २ | गण्डकी प्रदेश सरकारबाट प्राप्त अनुदान ( मु मं तथा मं प कार्यालय) | २०,००,०००।०० | २०,००,०००।०० |
| ३ | स्था.पू.वि.सा.कार्यक्रमको प्रशासनिक खर्च | ७२०,०००।०० | ७,२०,०००।०० |
| ४ | जिसस मौज्दातकोषको ०७५।७६ को प्रशासनिक खर्च २० लाख मध्येको वचत रकम | १२३४५८।०० | १२३४५८।०० |
| ५ | २०७४।७५ सम्मको मौज्दात कोषको रकमको अल्या भई आएको रकम | ८,७२,९५,७४४।०० | ८,७२,९५,७४४।०० |
| ६ | अल्या (आ.व २०७५।७६ को आन्तरिक आय ) | ९९१८६१८।०० | ९९१८६१८।०० |
| ७ | ग.सं विश्वेश्वर कार्यक्रम जि समन्वयकर्ता तलव | ३,७९,०००।०० | ३,७९,०००।०० |
| ८ | अल्या (आ.व २०७६।७७ को आन्तरिक आय ) | ८६,७७,५२७।०० | ८६,७७,५२७।०० |
| ९ | आ.व २०७७।७८ को आन्तरिक आय रकम ( वक्यौता समेत ) | १,२०,००,०००।०० | १,२०,००,०००।०० |
| १० | कर्मचारी कल्याण कोष ( साविक जिविस हुँदा स्थापित कोष ) | ४,००,०००।०० | ४,००,०००।०० |
| | जम्मा : | १३,४२,८०,३४७।०० | १३,४२,८०,३४७।०० |

नोट : (क) माथि आ व ०७६।७७ को आय र व्यय वजेट तालिकाको सि.नं ८ मा सेवा निवृत्त कर्मचारीको सुविधा वापत विनियोजन गरिएको रु १ करोड रकमलाई तल तालिका ख को सि नं ५ मा अल्या गरि समावेश गरिएको छ । (ख)

**निर्णय नं. : ७**

माथि निर्णय नं ६ को आर्थिक वर्ष २०७६।७७ को आय र व्यय तथा आर्थिक वर्ष २०७७।७८ को आय र व्ययको निम्न शिर्षकको रकममा निम्न अनुसार थप स्पष्ट गरि निम्न अनुसार रकम विनियोजन गर्ने निर्णय गरियो ।

**निम्न**

**(क)** २०७५।१०।१५ गतेको जिल्ला सभाको वैठकको निर्णय अनुसार मौजदात कोषवाट वाडँफाड गर्न मिल्ने आर्थिक वर्ष २०७४।७५ सम्म मौज्दात कोषमा रहेको रकम रु १२३६९५७४४।७६ पैसा लाई तत् मितिको जिल्ला सभाको वैठकले गाउँपालिकाहरुको लागि ८० लाख र नगरपालिकाहरुको लागि १ करोडको दर्ले सिलिङ्ग निर्धारण भई ८ करोड ८० लाख वाँडफाँड गरिएको । र वचत हुन गएको ३,५६,९५,७४४।७६ लाई २०७६।४।२८ गतेको जिल्ला सभाको निर्णयले रु २५००००००। जिल्ला समन्वय समितिको भवन, सभाकक्ष, अतिथीगृह, आवाश गृह, प्राङ्गणको मर्मत सम्भारको लागि विनियोजन गरिएको । यसरी जिल्ला समन्वय समितिलाई विनियोजन भएपछि मौजदात कोषमा विनियोजन गर्न वाकि रु १०६९५७४४। रहेको ।

**(ख)** माथि नि.नं ६ को आ व ०७६।७७ को आय र व्यय वजेट तालिकाको सि नं ८ मा सेवा निवृत्त कर्मचारीहरुको सुविधा वापतको लागि विनियोजन गरिएको रु १ करोड रकम, आर्थिक वर्ष ०७७।७८ को आय र व्ययमा प्रस्ताव गरिएको (नि.नं. ६ को ङ)आ.व २०७५।७६ को जिससको आय रकम रु ९९१८६१८। , आ व ०७६।७७ को जिससको आय रकम रु ८६,७७,५२७ हरुलाई र माथि वुदाँ (क) वमोजिम वाडँफाड गर्न वाकि रहेको रकम रु १०६९५७४४। समेतका रकमहरु जोड गर्दा रु (३,९२,९१,८८९। हुन आउँछ । यि सवै रकमहरुलाई एकै ठाउँमा समावेश गरी **मौज्दात कोष वजेट** वनाई निम्न अनुसारका पालिकाहरुलाई निम्न अनुसार वजेट वाँडफाँड गरियो :

निम्न

| सि नं | पालिकाको नाम | बाँडफाँड गरिएको वजेट | सि नं | पालिकाको नाम | बाँडफाँड गरिएको वजेट |
|---|---|---|---|---|---|
| १ | व्यास नगरपालिका | रु ३० लाख | ६ | रिसिङ्ग गाउँपालिका | रु ३० लाख |
| २ | भानु नगरपालिका | रु ३० लाख | ७ | घिरिङ्ग गाउँपालिका | रु ३० लाख |
| ३ | भिमाद नगरपालिका | रु ३० लाख | ८ | आँबुखैरेनी गाउँपालिका | रु ३० लाख |
| ४ | शुक्ला गण्डकी नगरपालिका | रु १ करोड | ९ | वन्दपुर गाउँपालिका | रु ३० लाख |
| ५ | म्याग्दे गाउँपालिका | रु ३० लाख | १० | देवघाट गाउँपालिका | रु ३० लाख |
| | जम्मा : | २,२०,०००००। | | जम्मा : | १,५०,०००,००। |

(ग) मौज्दात कोषको उपरोक्त अनुसारको ३,९२,९१,८८९। रुपैयाँमा उक्त अनुसार ३,७०,००,०००। पालिकाहरुलाई विनियोजन गरिएपछि वाकिँ हुन आउने रु २२९१८८९। रकमलाई जिल्ला समन्वय समितिले मौज्दातकोष संचालन निर्देशिका २०७५ वमोजिमको प्रशासनिक खर्चमा एवम् उल्लेखित १० वटै पालिकाहरुको समन्वय , सहजीकरण, क्षमता विकासका लागि जिसस वैठकवाट कार्यक्रम स्वीकृत गरि खर्च गर्ने गरि विनियोजन स्वीकृत गरियो ।

निर्णय नं. : ८

**संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र** भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय सिंहदरवार काठमाण्डौबाट आर्थिक वर्ष २०७७।७८ को लागि LMBIS मार्फत प्राप्त भएको चालू खर्च अनुदानको निम्न अनुसारको शिर्षकगत व्यय विवरणलाई स्वीकृत गरियो ।

(क) संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवारवाट प्राप्त भएको चालू खर्च अनुदान रु १,२७,६६,०००।०० (एक करोड सत्ताईस लाख छैसठ्ठी हजार) खर्च र शिर्षकगत विवरण : ( अनुसूची : २ )

**निम्न**

| सि नं | कार्यक्रम / कियाकलाप | खर्च शिर्षक | स्वीकृत वजेट रकम | कैफियत |
|---|---|---|---|---|
| १ | कर्मचारी र पदाधिकारीहरको तलव, पारिश्रमिक तथा विभिन्न भत्ता | २६३११ | ८७,६२,०००।०० | |
| २ | करार सेवा शुल्क-निजी सचिवालय | २६३११ | ४,२६,०००।०० | |
| ३ | अनिवार्य दायित्व सहीतका कार्यालय संचालन खर्च : पानी, विजुली, संचार महशुल, ईन्धन, मर्मत, सवारी नवीकरण, मसलन्द, घरभाडा ( रुकुम पूर्व र नवलपराशी) र विविध खर्च आदि । | २६३११ | २३,४८,०००।०० | |
| ४ | कार्यक्रम खर्च ( समिक्षा वैठक सहीत ) | २६३११ | ४,५०,०००।०० | |
| ५ | अनुगमन तथा भ्रमण खर्च | २६३११ | ७,८०,०००।०० | |
| | **जम्मा** | | **१,२७,६६,०००।००** | |

**(ख)** भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय सिंहदरवार काठमाण्डौबाट प्राप्त भएको गरिव संग विश्वेश्वर कार्यक्रम कार्यक्रमको चालू खर्च अनुदान रु ३७९०००। ( तीन लाख उनानअसी हजार ) खर्च र शिर्षकगत विवरण :-( अनुसूची : ३ )

**निम्न**

| सि.नं | कार्यकम / कियाकलाप | खर्च शिर्षक | स्वीकृत वजेट रकम | कैफियत |
|---|---|---|---|---|
| १ | करारमा कार्यरत कर्मचारीहरुको पोशाक खर्च | २११२१ | १०,०००।०० | |
| २ | कागज, खाम, फारम, रेकर्ड फाईल, स्टेपलर, पन्चीङ्ग, आदि | २२३११ | १५,०००।०० | |
| ३ | पारीश्रमिक जिल्ला समन्वयकर्ता ( गरिवसंग विश्वेश्वर ) | २२४१३ | २,९९,०००।०० | |
| ४ | गरिवी निवारण सेवा स्रोत नक्शांकन एवम् सिफारिस कार्यक्रम | २२५२२ | २०,०००।०० | |
| ५ | अनुगमन तथा भ्रमण खर्च ( गरिवसंग विश्वेश्वर कार्यक्रमका जिल्ला समन्वयकर्तालाई स्थानीय तहमा अनुगमन गर्न जानको लागि ) | २२६१२ | ३५०००।०० | |
| | **जम्मा** | | **३,७९,०००।००** | |

**निर्णय नं. : ९**

आन्तरिक राजश्व कार्यालय दमौलीको च नं २६१४ मिति २०७५।८।२३ र च नं २९ मिति २०७७।४।७ को पत्रबाट आन्तरिक राजश्व कार्यालय, दमौलीको कार्यालय भवन वनाउने प्रयोजनको लागि जिल्ला समन्वय समितिको स्वामित्वमा रहेको साविक फराकचौर ९/ग कि नं १२८३, क्षेत्रफल १-८-०-० को जग्गा हस्तान्तरण गरिदिनुहुन भनि अनुरोध भई आएको ।

आन्तरिक राजश्व कार्यालय दमौलीले हाल कि नं १२८२, क्षेत्रफल १-८-०-० को जग्गा भोग गरि कार्यालय संचालन गरिरहेको अवस्था छ, यो कि.नं १२८२ को जग्गा नेपाल सरकार भूमि व्यवस्था सहकारी तथा गरिवी निवारण मन्त्रालयको च नं ८२९ मिति २०७६।८।२९ को सहमति पत्र अनुसार आन्तरिक राजश्व कार्यालयलाई भोगचलन गर्न सहमति दिएको देखिन्छ ।

आन्तरिक राजश्व कार्यालय दमौलीले हाल माग गरेको जिससको स्वामित्वको उक्त कि नं १२८३ जग्गा कि नं १२८२ संगै जोडिएको छ । साथै साविक देखिनै कि नं १२८२ र १२८३ को जग्गामा एउटै कम्पाउण्ड वाल लगाईएको कारण उक्त १२८३ को जग्गा पनि आन्तरिक राजश्व कार्यालयले नै कार्यालय प्रयोजनको लागि प्रयोग गर्दै आएको देखिन्छ ।

दमौलीमा करदाता सेवा कार्यालयको रुपमा स्थापित भई ०७५।७६ देखि आन्तरिक राजस्व कार्यालयको रुपमा स्तरउन्नती भई हाल गोरखा, लमजुङ्ग, तनहुँ र मनाङ्ग गरि ४ जिल्लालाई सेवा प्रवाह गरिरहेको अवस्थामा नयाँ कार्यालय भवन वनाउने प्रयोजनको लागि कि.नं १२८२ को क्षेत्रफलको जग्गा नपुग भई जि स स को नाममा रहेको उक्त कि.नं १२८३ को जग्गा माग गरेको देखिन्छ ।

यसरी आन्तरिक राजश्व कार्यालय दमौलीले नयाँ कार्यालय भवन निर्माण गर्न आफनो हालको जग्गा साँघुरो तथा अपुग भएको कारण दर्शाई जिल्ला समन्वय समितिको नाममा रहेको साविक फराकचौर ९/ग (हाल व्यास न.पा) कि नं १२८३, क्षेत्रफल १-८-०-० को जग्गा हस्तान्तरण गरिदिन अनुरोध गरेको मागका सम्वन्धमा छलफल गर्दा आन्तरिक राजश्व कार्यालयको नयाँ कार्यालय भवन निर्माण भएको अवस्थामा तनहुँ जिल्ला सहीत ४ जिल्लाका नागरिकहरुलाई सहज सेवा प्रवाह हुन सक्ने देखिएको हुँदा एवम् हाल जिससको उक्त अनुसारको जग्गा आन्तरिक राजश्व कार्यालयको जग्गा संगै साँध सिमा जोडीई उक्त कार्यालयले नै कार्यालय प्रयोजनको लागि प्रयोग गरिरहेको अवस्था भएको हुँदा जिससको नामको उक्त कि नं १२८३, क्षेत्रफल १-८-०-० को जग्गा आन्तरिक राजश्व कार्यालयको नयाँ कार्यालय भवन निर्माण गर्ने प्रयोजनका लागि मात्र भोगाधिकार प्रदान गर्न उपयुक्त हुने नै देखिएको हुँदा सोही अनुसार उक्त जग्गा आन्तरिक राजश्व कार्यालयका नाममा भोगाधिकार प्रदान गर्नका लागि सम्वन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं. : १०**

व्यास नगरपालिका , नगरकार्यपालिकाको चलानी नं ७५ मिति २०७७।४।७ को पत्रबाट दमौली वजारमा रहेको दमौली अस्पताललाई स्तरवृद्धि गरी ५० शैयाको अस्पताल वनाउन आवश्यक जग्गा नपुग भएको हुँदा उक्त अस्पतालको साध सिमानामा रहेको जिल्ला समन्वय समितिको स्वामित्वमा रहेको करिव ७ रोपनी जग्गा उपलव्ध गराई सहयोग गरिदिन अनुरोध छ भनि २०७७।३।२५ गतेको नगरसभाको निर्णय सहीत अनुरोध भई आएको ,

व्यास नगरपालिकाको २०७७।३।२५ गतेको नगरसभाको निर्णय नं १४ अनुसार नगरसभाले दमौली अस्पतालको स्तरउन्नतीका लागि जग्गा नपुगभएको कारण दर्शाई दमौली अस्पतालसंग साधँ सिमाना जोडिएका कृषि ज्ञान केन्द्रसंग करिव ५ रोपनी, भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रसंग करिव ८ रोपनी र जिल्ला समन्वय समितिको स्वामित्वमा रहेको हाल अस्पतालकै उपयोगमा रहेको बाटो समेतको जग्गाबाट करिव ७ रोपनी जग्गा उपलव्ध गराउनका लागि अनुरोध गर्ने भनि निर्णय गरेको देखियो ।

नगरसभाको उपरोक्त अनुसारको निर्णय हेर्दा हालको दमौली अस्पताललाई स्तरवृद्धि गरी ५० शैयाको अस्पताल वनाई जिल्ला वासीहरुलाई गुणस्तरिय र प्रभावकारी सेवा प्रवाह गर्ने व्यवस्था मिलाउन नितान्त आवश्यक नै देखिएको हुँदा जिल्लाको समग्र आवश्यकता र दमौली अस्पताललाई स्तरवृद्धि गर्नका लागि जग्गा नपुग भएको स्थितीमा निम्न अनुसार हुन उपयुक्त देखिएकोले निम्न अनुसारको निर्णय गरियो ।

**निम्न**

**क)** जिल्ला समन्वय समितिको कार्यालय भवनको पश्चिम पट्टिको जिससको स्वामित्व भएको तारवारले घेरिएको खाली चौर (हाल वाल उद्यान पार्कको निर्माण कार्य भईरहेको) भन्दा पश्चिम र दक्षिण तर्फको जग्गाहरु( हाल सार्वजनिक प्रयोजनको लागि बाटोमा समेत प्रयोग भै रहेको ) दमौली अस्पतालको स्तरउन्नतीको प्रयोजनको लागि उपलव्ध गराउन सम्वन्धित निकायमा सिफारिस गर्ने । र दमौली अस्पतालले यसरी उपलव्ध हुने जग्गा मध्येबाट सार्वजनिक प्रयोजनका लागि बाटोको व्यवस्था यथावत् कायम गर्नुपर्ने ।

**ख)** दमौली अस्पतालको स्तरउन्नतीको लागि कृषि ज्ञान केन्द्रको स्वामित्वमा रहेको ( हालको दमौली अस्पतालको उत्तर तर्फ साधँ सिमा जोडिएको ) जग्गामध्येबाट ५ रोपनी र भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको स्वामित्वमा रहेको जग्गा मध्येबाट ८ रोपनी जग्गा दमौली अस्पतालको नाममा हस्तान्तरण गरिदिनका लागि सामाजिक विकास मन्त्रालय, गण्डकी प्रदेश सरकार समक्ष अनुरोध गर्ने ।

**निर्णय नं. : ११**

जिल्लाका विभिन्न नगरपालिका तथा गाउँपालिकाहरुमा स्थायी रुपमा कार्यरत रहेका शिक्षकहरुले (परीक्षणकाल समाप्त भएकाहरुले) आफू कार्यरत रहेको पालिकाबाट आफ्नो स्थायी वसोवास घरभएको पालिकाको कुनै विद्यालयमा सरुवा भई जान चाहेमा जान चाहेको विद्यालयको विद्यालय व्यवस्थापन समिति र पालिकाको सहमती एवम् कार्यरत रहेको विद्यालयको विद्यालय व्यवस्थापन समिति र पालिकाको छाड्ने अनुमति पत्र प्राप्त गरी निवेदन दिएको अवस्थामा अन्तरपालिका सरुवा गरिदिन शिक्षा विकास तथा समन्वय ईकाई तनहुँलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. : १२**

केहि दिन अघिदेखि (२०७७ असारको तेस्रो सातादेखि) अविरल वर्षादको कारणले तनहुँ जिल्लाका विभिन्न स्थानमा आएको बाढि, पहिरोको कारण भएको धन र जनको क्षति प्रति आजको जिल्ला सभा गहिरो दुःख व्यक्त गर्दछ । उक्त घटनामा दिवंगत भएका मृतकहरु प्रति भावपूर्ण श्रद्धान्जली व्यक्त गर्दै घाईतेहरुको शिघ्र स्वास्थ्य लाभको कामना सहीत पिडीत व्यक्तिहरुलाई अविलम्व राहत व्यवस्था गरिदिनका लागि संघीय तथा गण्डकी प्रदेश सरकारलाई अनुरोध गर्ने निर्णय गरियो ।

~ * ~

077/03/12

(अनुसूची : १)

## तनहुँ जिल्लाको पाँचौं जिल्ला सभा (२०७७/०४/०९) मा अध्यक्ष श्री शान्तिरमण वाग्लेबाट प्रस्तुत

# बार्षिक नीति तथा कार्यक्रम, २०७७

जिल्ला सभाका सदस्यज्यूहरु,
जिल्ला समन्वय समितिका उप-प्रमुख लगायत सदस्यज्यूहरु ।

तनहुँ जिल्लाको यस पाँचौं गरीमामय जिल्ला सभामा अध्यक्षको हैसियतले आ.व. ०७७/७८ को वार्षिक नीति तथा कार्यक्रम पेश गर्न पाउँदा मलाई अत्यन्तै खुशी लागेको छ । यस महत्वपूर्ण अवसरमा मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य स्थापना गर्न आफ्नो अमूल्य जीवन बलिदान गर्नुहुने महान वीर शहीदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछु । साथै घाईते र अपाङ्ग भई हाल सम्म उपचारमा रहनु हुने महानुभावहरु प्रति शीघ्र स्वास्थ्य लाभको कामना गर्दै मुलुकको राजनैतिक विकास र संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली स्थापनाका लागि नेतृत्वदायी भूमिका प्रदान गर्नुहुने राजनैतिक दलका अग्रज नेतृत्व एवम् सर्वसाधारण महानुभावहरु प्रति उच्च आदर प्रकट गर्दछु । साथै यस जिल्लामा गत आषाढ २८ को अविरल बर्षाका कारण विभिन्न स्थानीय तहहरुमा दिवंगत हुनुभएकाहरु प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै घाईते हुनुभएकाहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्न चाहन्छु ।

आजको यस जिल्ला सभामा उपस्थित हुनुहुने सम्पूर्ण आदरणीय सदस्यज्यूहरु एवम् विशेष आमन्त्रितको रुपमा उपस्थित हुनुहुने जिल्ला समन्वय समितिका उप-प्रमुख लगायत सबै सदस्यज्यूहरुलाई हार्दिक स्वागत गर्न चाहन्छु ।

आदरणीय सभासद्ज्यूहरु,

नेपालको संविधानले व्यवस्था गरे अनुसार हाल मुलुकमा तीन तहको सरकार सहितको शासन व्यवस्था संचालनमा रहेको छ । नेपालको राज्यशक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले संविधान तथा कानून वमोजिम गरेका छन् । स्थानीय तह अन्तर्गत गाउँपालिका नगरपालिका र जिल्ला सभाको व्यवस्था गरीएको छ । स्थानीय तहमा सम्पन्न लोकतान्त्रिक निर्वाचन पश्चात गठन भएको यस जिल्ला समन्वय समितिले झण्डै ३ वर्ष पूरा गरेको छ । स्थानीय सरकार संचालन ऐन २०७४ र अन्य प्रचलित कानूनले दिएको अधिकार, जिम्मेवारी र भूमिका अनुसार हामीले आफनो कार्य सम्पादन गर्दै आईरहेका छौं ।

सीमित श्रोत साधनका वावजुद संगठनात्मक संरचना निर्माण, प्रशासनिक अधिकार बाँडफाँडबाट नीति, नियम र कार्यविधि निर्माण गरी तीनै तहको समन्वय गर्ने, विकास निर्माण कार्यमा साझेदारी बढाउने, विकास निर्माण कार्यमा सहयोग पुऱ्याउने जस्ता सुधारका लक्ष्यहरु लिई जिल्ला सभा मार्फत् कार्य सम्पादन गर्दै आइरहेको व्यहोरा जानकारी गराउन चाहन्छु ।

संघीय सरकारको आर्थिक वर्ष २०७७/७८ को नीति तथा कार्यक्रममा *जिल्ला समन्वय समितिलाई प्रभावकारी बनाईनेछ* भन्ने उल्लेख भएको तथा २०७७/७८ को वजेट बक्तव्यको बुँदा नं. ३०७ मा *जिल्ला समन्वय समितिको क्षमता विकास गरी स्थानीय तहबाट सञ्चालन हुने विकास आयोजना र गैरसरकारी संस्थाबाट सञ्चालन हुने कार्यक्रमको अनुगमन गर्न सक्षम बनाईने* छ भन्ने उल्लेख भएको साथै गण्डकी प्रदेश सरकारको आर्थिक वर्ष २०७७/७८ को बजेट बक्तव्यको बुँदा नं. १५४ मा प्रदेश सरकारले तोकेका योजना तथा कार्यक्रम र स्थानीय तहबाट भएका विकास निर्माण कार्यको प्रभावकारी अनुगमन गर्न जिल्ला समन्वय समितिलाई रु २ करोड २० लाख बजेट विनियोजन गरिएकोले हामीलाई थप उत्साह र हौसला मिलेको छ ।

नेपालको संविधानले जिल्ला सभालाई गाउँपालिका र नगरपालिकाबीच समन्वय गर्ने, विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न सो को अनुगमन गर्ने, जिल्लामा रहने संघीय र प्रदेश सरकारी कार्यालय र गाउँपालिका र नगरपालिकाबीच समन्वय गर्ने तथा प्रदेश कानून बमोजिम अन्य कार्यहरु गर्ने गरी परिभाषित गरेको छ ।

**स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ९२ बमोजिम जिल्ला सभाको काम कर्तव्य र अधिकार निम्न बमोजिम रहेको छ :**

१. जिल्ला सभाको काम, कर्तव्य र अधिकारहरु :

(क) जिल्ला भित्रका गाउँपालिका वा नगरपालिकाबीचको विकास निर्माण तथा विषय पहिचान गर्न तथा व्यवस्थापन गर्न आवश्यक समन्वय गर्ने ।

(ख) जिल्ला भित्र सरकारी तथा गैरसरकारी क्षेत्रबाट सञ्चालित विकास निर्माण सम्बन्धी कार्यक्रमको विवरण तयारी गरी त्यस्ता कार्यक्रमको प्रभावकारीता तथा व्यवस्थापनका विभिन्न चरणमा अनुगमन गर्न त्यस्ता कार्यक्रमको प्रतिफलका सम्बन्धमा क्षेत्र वा समुदायगत विषय क्षेत्रगत र पर्यावरणीय सन्तुलन कायम गर्न आवश्यक सुझाव वा मार्गदर्शन दिने र त्यसरी दिएका सुझाव वा मार्गदर्शन सार्वजनिक गर्ने ।

(ग) जिल्ला भित्रका गाउँपालिका वा नगरपालिकाको क्षमता विकासका लागि प्रदेश तथा संघसँग समन्वय गर्ने ।

(घ) जिल्लामा रहने संघीय वा प्रदेश सरकारी कार्यालय र गाउँपालिका तथा नगरपालिकाबीच समन्वय गर्ने ।

(ङ) जिल्ला भित्रका गाउँपालिका र नगरपालिकाबीच कुनै विवाद उत्पन्न भएमा सो को समाधानका लागि समन्वय वा सहजीकरण गर्ने ।

(च) जिल्ला भित्रका प्राकृतिक प्रकोप र विपद् व्यवस्थापन सम्बन्धी कार्यको समन्वय गर्ने ।

(छ) जिल्लाभित्रको विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न गैरसरकारी संघसंस्था तथा नीजि क्षेत्र सँग समन्वय गर्ने ।

(ज) जिल्ला भित्रको विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन भए नभएको सम्बन्धमा अध्ययन अनुसन्धान तथा अनुगमन गरी विकास निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्नका लागि मन्त्रालय, स्थानीय तह सम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालय तथा आवश्यकतानुसार सम्बन्धीत गाउँपालिका तथा नगरपालिकालाई समेत सुझाव दिने ।

(झ) आफना कामकारवाहीका सम्वन्धमा मन्त्रालय र स्थानीय तह सम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालयलाई आर्थिक वर्ष समाप्त भएको दुई महिनाभित्र प्रतिवेदन दिने ।

(ञ) जिल्ला भित्रको विकास निर्माण लाई प्रभावकारी बनाउनका लागि वर्षमा कम्तिमा एक पटक वार्षिक समीक्षाको कार्यक्रम आयोजना गरी सो जिल्लाबाट प्रतिनिधित्व गर्नुहुने संघीय संसदका सांसदहरु र प्रदेश सभाका सांसदहरुलाई आमन्त्रण गरी सुझाव लिने ।

(ट) नेपाल सरकार वा प्रदेश सरकारले तोकेको अन्य कार्य गर्ने ।

२. जिल्ला सभाले गर्ने काम जिल्ला समन्वय समितिको नाममा हुनेछ ।

३. जिल्ला सभाले आफ्नो अधिकार क्षेत्रका विषयमा आवश्यक कार्यविधि निर्देशिका तथा मापदण्ड बनाई लागू गर्न सक्नेछ ।

त्यस्तै प्रदेश सरकारले जारी गरेको स्थानीय तहको सभा संचालन कार्यविधि ऐन, २०७५ को परिच्छेद ४ को दफा ३० मा जिल्ला सभाको काम, कर्तव्य र अधिकार स्थानीय सरकार संचालन ऐनसँग मेल खाने किसिमको भएको हुँदा उल्लेखित संबैधानिक र कानूनी अधिकार लाई आत्मसाथ गर्दै अगाडी बढिने छ ।

**आर्थिक वर्ष २०७७/७८ को लागि निम्न नीतिहरु यस गरीमामय सभा समक्ष प्रस्ताव गरेको छु :**

१. स्थानीय तहको विकास निर्माणको विषय पहिचान गर्न तथा व्यवस्था गर्न आवश्यक समन्वय गरिनेछ ।

२. जिल्ला भित्र सरकारी तथा गैरसरकारी क्षेत्रबाट संचालित विकास निर्माण सम्बन्धी कार्यक्रमको विवरण तयार गरिनेछ ।

३. जिल्ला भित्र संचालित विकास निर्माण सम्बन्धी कार्यक्रममा प्रभावकारीता ल्याउन व्यवस्थापनका विभिन्न चरणमा अनुगमन गरिनेछ ।

४. विपद् र महामारीको समयमा सरोकारवाला निकाय, संघ-संस्थाहरुका बीच प्रभावकारी समन्वय र सहजिकरणलाई अगाडी बढाईने छ ।

५. अनुगमन कार्यलाई प्रभावकारी बनाउनका लागि जि.स.स.का पदाधिकारी एवम् सदस्यहरुलाई विभिन्न विषयगत क्षेत्रगत जिम्मेवारी बाँडफाँड गरी जिम्मेवारी तोकिने छ । विषयगत क्षेत्रगत सूचकहरुको तर्जुमा गरी अनुगमन कार्यलाइ वस्तुगत बनाउन अधिकतम प्रयास गरिनेछ ।

६. स्थानीय तहको क्षमता विकासको लागि प्रदेश सरकार तथा संघीय सरकारसँग समन्वय गरी तालिम कार्यक्रमहरु संचालन गरिनेछ ।

७. जिल्ला भित्र रहने संघीय वा प्रदेश सरकारी कार्यालयहरुबीच समन्वय गर्न एक समन्वय संयन्त्रको स्थापना गरिनेछ ।

८. स्थानीय तहबीच कुनै विवाद उत्पन्न भएमा सो को समाधानको लागि तत्काल सम्बोधन हुने गरी प्रभावकारी कार्यदल (Task Force) गठन गरिनेछ ।

९. गैरसरकारी तथा नीजिक्षेत्रसँग वर्षमा कम्तिमा एक पटक छलफल कार्यक्रम आयोजना गरिनेछ । साथै विकास तथा निर्माण कार्यमा सन्तुलन कायम गर्न समन्वयकारी नीति लिईनेछ ।

१०. हालसम्म निर्माण हुन नसकेका जिल्ला भरका गाउँपालिका तथा नगरपालिकाका मुख्य प्रशासकीय भवन तथा वडा प्रशासकीय भवन (वडा कार्यालय)हरुको निर्माणमा जोड दिईनेछ । आवश्यकतानुसार समन्वय र सहजीकरण अगाडी बढाईनेछ ।

११. जिल्ला समन्वय समितिमा रहेको कोषलाई जि.स.स. मौज्दात कोष संचालन निर्देशिका, २०७५ बमोजिम आ.व. ०७७/७८ मा समेत वितरण गरी स्थानीय विकास निर्माणलाई प्रभावकारी बनाईनेछ ।

१२. संघ प्रदेश र स्थानीय तहबाट प्रदान गरिने सेवालाई सेवाग्राहीमैत्री वातावरण निर्माण गरी पारदर्शिता र सुशासनलाई जोड दिंदै सेवा प्रवाह गराउने नीति अबलम्वन गरिनेछ ।

१३. जिल्ला समन्वय समितिको विभिन्न महत्वपूर्ण बैठकमा प्रदेश र संघका सांसदलाई आमन्त्रण गरिनेछ ।

१४. स्थानीय तह, प्रदेश र संघका जनप्रतिनिधी र कार्यालयहरुबीच समन्वय र तालमेललाई सबल र प्रभावकारी बनाईनेछ ।

१५. कर्मचारी र जनप्रतिनिधीबीच, पालिका भित्र, पालिका-पालिकाबीच, पालिका र जि.स.स.बीच समन्वय अझ प्रभावकारी बनाउँदै लगिनेछ ।

१६. संस्थागत र व्यक्तिगत जनगुनासोको प्रभावकारी व्यवस्थापन गरिनेछ ।

**आर्थिक वर्ष २०७७/७८ को लागि निम्न कार्यक्रमहरु यस गरीमामय सभा समक्ष प्रस्ताव गरेको छु :**

(१) <u>बैठक व्यवस्थापन तथा संचालन :</u>

(क) आर्थिक वर्ष २०७७/७८ मा जिल्ला सभाको बैठक कम्तिमा १ पटक र जिल्ला समन्वय समितिको बैठक कम्तिमा महिनाको १ पटक आयोजना गरिनेछ ।

(ख) आर्थिक वर्ष २०७७/७८ मा विकास आयोजनाको बार्षिक समिक्षा बैठक कम्तिमा १ पटक आयोजना गरिनेछ ।

(ग) स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमको बैठक आयोजना गरी गत बर्षको कार्यक्रमको मूल्यांकन समिक्षा गरी आ.व. ०७७/७८ को कार्यक्रम अगाडी बढाईनेछ ।

(घ) आवश्यकतानुसार सन्तुलित विकासका लागि विज्ञ समूहको परामर्श बैठकको आयोजना गरिनेछ ।

(ङ) जिल्ला भित्र कुनै पालिकामा विवाद उत्पन्न भएमा छलफल र बैठकहरुको माध्यमद्वारा समस्या समाधान गरिनेछ ।

(२) <u>सामाजिक क्षेत्र :</u>

(क) गैर सरकारी संस्थाको काम कारवाहीलाई अनुगमन गरिनेछ ।

(ख) जिल्लाको पर्यटन विकास शिक्षा, स्वास्थ्य, वन तथा वातावरण, घरेलु तथा साना उद्योग, कृषि र पशुसेवा क्षेत्रमा काम गर्ने सरोकारवाला निकायसँग समन्वय गरी कार्यक्रम संचालन गरिनेछ ।

(ग) नीजि क्षेत्र र विकास साझेदार संस्थासँग समन्वय कायम गरिनेछ ।

(घ) जिल्लाको खेलकूद विकास तथा स्वास्थ्य क्षेत्रको सुधारको लागि सरोकारवाला निकायहरुसँग समन्वय र सहजिकरण गरिनेछ ।

(ङ) जातिय भेदभाव, लैङ्गिक भेदभाव र सामाजिक कुरितिका विरुद्ध सबै खालका कार्यक्रमहरुमा सहयोग पुऱ्याइने छ ।

(च) सामुदायिक शिक्षालाई गुणस्तरीय बनाउनका लागि जिल्लाका सम्पूर्ण पालिकाहरुसँग समन्वय गरी ठोस कार्यक्रमहरु आयोजना गर्नका लागि प्रोत्साहीत गरिनेछ ।

(३) <u>विकास निर्माण :</u>

(क) संघ, प्रदेश र स्थानीय तह तथा अन्य निकायबाट सञ्चालन हुने विकास योजनाहरुको निरन्तर अनुगमन गरी अनुगमनबाट देखिएका कमि कमजोरी औंल्याई सुधारका लागि सम्बन्धीत ठाउँमा सुझाव दिईनेछ ।

(ख) राष्ट्रिय पुर्ननिर्माण प्राधिकरण बाट संचालित भूकम्प लाभग्राही (नीजि आवस अनुदानलाई प्रभावकारी रुपमा कार्यान्वयनका लागि सहजीकरण गरिनेछ । साथै भूकम्प प्रभावित विद्यालयको भवन तथा शौचालय निर्माणका लागि जिल्ला आयोजना कार्यान्वयन ईकाई मार्फत कार्यक्रमहरुमा अनुगमन तथा सहजीकरण गरिनेछ ।

(ग) वातावरणीय प्रभाव मूल्याङ्कन नगरी गरिने विकास निर्माणका कार्यलाई निरुत्साहीत गर्दै जोखिम न्यूनिकरण र संरक्षणका लागि कार्यक्रम ल्याईनेछ ।

(घ) नदिजन्य वस्तुको उत्खनन् सम्बन्धी अनुगमन कार्यलाई प्रभावकारी रुपमा निरन्तरता दिईनेछ ।

(ङ) कार्यालय भवन प्राङ्गण, अतिथीगृह तथा आवास गृहको मर्मत सम्भार गरिनेछ ।

(च) निर्माणाधिन जिल्ला सभा गृहको निर्माण कार्यको अनुगमन गरी गुणस्तरीय भवन निर्माण गराई सम्झौता अनुसारको समयमै सम्पन्न गर्नका लागि आवश्यक कार्य गरिनेछ ।

(छ) गाउँपालिका तथा नगरपालिकामा निर्माण गरिने सडकको मापदण्ड बनाई लागू गर्न पालिकाहरुलाई आव्हान गरिनेछ ।

(ज) उपभोक्ता समिति र ठेक्काद्वारा निर्माण गरीएका निर्माण कार्यहरुको गुणस्तरियतालाई तुलना गर्न लगाई दिगो तथा भरपर्दो कार्य गर्नका लागि LAB बाट प्रमाणीत गराई कार्य सञ्चालन गर्न आव्हान गरिनेछ ।

४. अन्य कार्यक्रमहरु :

(क) राष्ट्रिय दिवस, जयन्ती र उत्सव समारोह कार्यक्रमहरु सञ्चालन गरिनेछन् ।

(ख) विपद् व्यवस्थापन सम्बन्धी योजना निर्माण र कार्यान्वयनमा सरोकारवाला निकायहरुसँग मिली सहयोगात्मक कार्यक्रम सञ्चालन गरिनेछ ।

(ग) वृक्षारोपण कार्यलाई प्रभावकरी ढङ्गबाट कार्यान्वयन गराउन जिल्ला स्थित गाउँपालिका तथा नगरपालिका वा सरोकारवाला निकायहरुलाई प्रोत्साहीत गरिनेछ ।

(घ) अन्तर जिल्ला अनुभव आदान प्रदान भ्रमण तथा तालिम कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

**बजेट, नीति तथा कार्यक्रमको कार्यक्रमिक व्यवस्था :**

उल्लेखित नीति तथा कार्यक्रमहरुको कार्यान्वयन गर्नका लागि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ९३ मा व्यवस्था भए बमोजिम नेपाल सरकार तथा प्रदेश सरकारबाट उपलब्ध हुने रकम र अन्य श्रोतबाट प्राप्त रकम जिल्ला सभाको कोषमा जम्मा गरिनेछ । यसरी कोषमा प्राप्त रकम जिल्ला समन्वय समितिको बैठकहरुबाट निर्णय गरी बाँडफाँड गरी खर्च गरिनेछ । साथै उक्त कार्यक्रम सफलतापूर्वक सम्पन्न गराउन गाउँपालिका तथा नगरपालिकाको पनि उत्तिकै आवश्यकता पर्ने हुँदा जिल्ला समन्वय समितिलाई प्रभावकारी बनाउनका लागि आवश्यक सहयोग तथा बजेट व्यवस्थाका लागि समेत हार्दिक अपिल गर्न चाहन्छु ।

अन्तमा,

हाम्रो निमन्त्रणालाई स्वीकार गरी सभामा उपस्थित सम्पूर्ण सभासद्ज्यू तथा आमन्त्रित महानुभावहरु प्रति हार्दिक आभार व्यक्त गर्दै धन्यवाद व्यक्त गर्न चाहन्छु । धन्यवाद !

शान्तिरमण वाग्ले
प्रमुख
जिल्ला समन्वय समिति, तनहुँ

(अनुसूची : २)

बजेट फाराम नं.६.४.१
ग.से.अ.फा.नं.१
पाना नं.१/२

# वार्षिक विकास कार्यक्रम
## बजेट तर्जुमासंग सम्बन्धित आर्थिक प्रशासन नियम २०(१) बमोजिमको फाराम

शुरूको संशोधित

आ.व. २०७७/७८
बजेट उपशीर्षक नं. : ३६५००१०५
मन्त्रालय : संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
विभाग/ संस्था : संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
कार्यक्रम / आयोजनाको नाम जिल्ला समन्वय समितिको कार्यालयहरु
स्थान :(क) जिल्ला : ३६५००३८०१ जिल्ला समन्वय समितिको कार्यालय, तनहुँ तनहुँ
आयोजना शुरु भएको मिति : वि.सं.
आयोजना पुरा हुने मिति : वि.सं.
आयोजना/ कार्यालय प्रमुखको नाम :

१० )वार्षिक बजेट (रू): १२७.६६
क) आन्तरिक : १) नेपाल सरकार १२७.६६
२) स्थानीय निकाय / संस्था : ०
३) जनसहभागिता :
(ख) वैदेशिक : अनुदान
ऋण
(ग) सटही दर :
(घ) दातृ संस्था :

११ )आयोजनाको कुल लागत (रू):
क) आन्तरिक : १) नेपाल सरकार ०
२) स्थानीय निकाय / संस्था :
३) जनसहभागिता :
(ख) वैदेशिक :

१२ ) गत आ व सम्मको खर्च (रू) (सोझै भुक्तानी तथा वस्तुगत समेत) ०
(क) आन्तरिक १) नेपाल सरकार :
२) स्थानीय निकाय /संस्था :
३) जनसहभागिता :
(ख) वैदेशिक १)ऋण :
२) अनुदान :

रु. लाखमा

| क. सं. | कार्यक्रम /कियाकलाप | खर्च शीर्षक | इकाई | आयोजनाको कुल क्रियाकलापको | | | सम्पूर्ण कार्य मध्ये गत आ. ब. सम्मको | | | वार्षिक लक्ष्य | | | प्रथम चौमासिक | | | दोस्रो चौमासिक | | | तेस्रो चौमासिक | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | परिमाण | भार | लागत | परिमाण | भार | लागत | परिमाण | भार | बजेट | परिमाण | भार | बजेट | परिमाण | भार | बजेट | परिमाण | भार | बजेट | |
| १ | २ | | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ | १७ | १८ | १९ | २० | २१ | २२ |
| अ) | चालु खर्च अन्तर्गतका कार्यक्रमहरु | | | | | | | | | | | | | | | | | | | | | |
| ५.१.२.१ | कर्मचारी र पदाधिकारीहरुको तलब/पारिश्रमिक तथा विभिन्न भत्ता | २६३११ | | | ० | ० | | ० | ० | १ | ६८.६४ | ८७.६२ | ५ | २६.४ | ३३.७ | ४ | २१.१२ | २६.९६ | ४ | २१.१२ | २६.९६ | |
| ५.१.२.२ | करार सेवा शुल्क -निजि सचिवालय | २६३११ | | | ० | ० | | ० | ० | १ | ३.३४ | ४.२६ | ५ | १.२८ | १.६४ | ४ | १.०३ | १.३१ | ४ | १.०३ | १.३१ | |
| ५.१.३.१ | अनिवार्य दायित्व सहितका कार्यालय संचालन खर्च (पानी विजुली, संचार महशुल, ईन्धन, मर्मत, सवारी नविकरण, मसलन्द, घर भाडा (रुकुम पूर्व र नवलपरासी पुर्व) विविध खर्च आदि | २६३११ | | | ० | ० | | ० | ० | १ | १८.३९ | २३.४८ | ४ | ६.१३ | ७.८२ | ४ | ६.१३ | ७.८२ | ४ | ६.१४ | ७.८४ | |
| ५.१.४.१ | कार्यक्रम खर्च (समिक्षा बैठक सहित) | २६३११ | | | ० | ० | | ० | ० | १ | ३.५२ | ४.५ | १ | १.१७ | १.५ | १ | १.१७ | १.५ | १ | १.१७ | १.५ | |
| ५.१.४.२ | अनुगमन तथा भ्रमण खर्च | २६३११ | | | ० | ० | | ० | ० | १ | ६.११ | ७.८ | ४ | २.०४ | २.६ | ४ | २.०४ | २.६ | ४ | २.०४ | २.६ | |
| ख) | चालु खर्च कार्यक्रमको जम्मा: | | | | ० | ० | | ० | ० | | १०० | १२७.६६ | | ३७.०२ | ४७.२६ | | ३१.४९ | ४०.१९ | | ३१.५ | ४०.२१ | |
| | कुल जम्मा खर्च | | | | ० | ० | | ० | ० | | १०० | १२७.६६ | | ३७.०२ | ४७.२६ | | ३१.४९ | ४०.१९ | | ३१.४९ | ४०.२१ | |

तयार गर्नेको नाम ,पद र दस्तखत :
मिति :

आयोजना/कार्यालय प्रमुखको दस्तखत :
मिति :

प्रमाणित गर्नेको नाम,पद र दस्तखत:
मिति :

(अनुसूची : ३)

बजेट फारम नं.६.४.१
र.बे.आ.फा.नं.१
पाना नं.१/२

# वार्षिक विकास कार्यक्रम
## बजेट तर्जुमासंग सम्बन्धित आर्थिक प्रशासन नियम २०(१) बमोजिमको फाराम

गुरुको संशोधित

आ.व. २०७७/७८
बजेट उपशीर्षक नं. : ३३६००१०२
मन्त्रालय : भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
विभाग/ संस्था : भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
कार्यक्रम / आयोजनाको नाम गरिबसंग विश्वेश्वर कार्यक्रम
स्थान :(क) जिल्ला : ३६५००३८०१ जिल्ला समन्वय समितिको कार्यालय, तनहुँ तनहुँ
आयोजना शुरु भएको मिति : वि.सं.
आयोजना पुरा हुने मिति : वि.सं.
आयोजना/ कार्यालय प्रमुखको नाम :

१० वार्षिक बजेट (रु): ३.७९
क) आन्तरिक : १) नेपाल सरकार ३.७९
२) स्थानीय निकाय / संस्था : ०
३) जनसहभागिता :
(ख) वैदेशिक : अनुदान
ऋण
(ग) सटही दर :
(घ) दातृ संस्था :

११ आयोजनाको कुल लागत (रु):
क) आन्तरिक : १) नेपाल सरकार ०
२) स्थानीय निकाय / संस्था :
३) जनसहभागिता :
(ख) वैदेशिक :

१२ ) गत आ व सम्मको खर्च (रु) (सोझै भुक्तानी तथा वस्तुगत समेत) ०
(क) आन्तरिक १) नेपाल सरकार :
२) स्थानीय निकाय /संस्था :
३) जनसहभागिता :
(ख) वैदेशिक १)ऋण :
२) अनुदान :

रु. लाखमा

| क. सं. | कार्यक्रम /कियाकलाप | खर्च शीर्षक | इकाई | आयोजनाको कुल कियाकलापको | | | सम्पूर्ण कार्य मध्ये गत आ. व. सम्मको | | | वार्षिक लक्ष्य | | | प्रथम चौमासिक | | | दोस्रो चौमासिक | | | तेस्रो चौमासिक | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | परिमाण | भार | लागत | परिमाण | भार | लागत | परिमाण | भार | बजेट | परिमाण | भार | बजेट | परिमाण | भार | बजेट | परिमाण | भार | बजेट | |
| १ | २ | | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ | १७ | १८ | १९ | २० | २१ | २२ |
| आ) चालु खर्च अन्तर्गतका कार्यक्रमहरु | | | | | | | | | | | | | | | | | | | | | | |
| १.३.१.२ | करारमा कार्यरत कर्मचारीहरुको पोशाक खर्च | २११२१ | | | ० | ० | | ० | ० | १ | २.६४ | ०.१ | ० | ० | ० | ० | ० | ० | ० | २.६४ | ०.१ | |
| २.४.१.२ | कागज, खाम, फाराम, रेकर्ड फाईल, स्टेपलर, पन्चिङ आदि | २२३११ | | | ० | ० | | ० | ० | १ | ३.९६ | ०.१५ | ० | १.३२ | ०.०५ | ० | १.३२ | ०.०५ | ० | १.३२ | ०.०५ | |
| २.५.७.६३ | पारिश्रमिक जिल्ला समन्वयकर्ता (गरिबसँग विश्वेश्वर कार्यक्रम) | २२४१३ | | | ० | ० | | ० | ० | १ | ७८.८९ | २.९९ | ० | ३०.३४ | १.१५ | ० | २४.२७ | ०.९२ | ० | २४.२७ | ०.९२ | |
| २.७.५.४० | गरिवी निवारण सेवा स्रोत नक्साङ्कन एवं सिफारिश कार्यक्रम | २२५२२ | | | ० | ० | | ० | ० | १ | ५.२८ | ०.२ | ० | ५.२८ | ०.२ | ० | ० | ० | ० | ० | ० | |
| २.८.२.२३ | अनुगमन तथा भ्रमण खर्च (गरिबसँग विश्वेश्वर कार्यक्रमका जिल्ला समन्वयकर्तालाई स्थानीय तहमा अनुगमन गर्न जानकोलागि) | २२६१२ | | | ० | ० | | ० | ० | १ | ९.२३ | ०.३५ | ० | ३.१७ | ०.१२ | ० | ३.१७ | ०.१२ | ० | २.९ | ०.११ | |
| ख) चालु खर्च कार्यक्रमको जम्मा: | | | | | ० | ० | | ० | ० | | १०० | ३.७९ | | ४०.११ | १.५२ | | २८.७६ | १.०९ | | ३१.१३ | १.१८ | |
| कुल जम्मा खर्च | | | | | | ० | | ० | ० | | १०० | ३.७९ | | ४०.११ | १.५२ | | २८.७६ | १.०९ | | ३१.१३ | १.१८ | |

तयार गर्नेको नाम ,पद र दस्तखत :
मिति :

आयोजना/कार्यालय प्रमुखको दस्तखत :
मिति :

प्रमाणित गर्नेको नाम,पद र दस्तखत:
मिति :

(अनुसूची ४)

# जिल्ला समन्वय समितिको आर्थिक वर्ष २०७६/७७ को वार्षिक कार्यप्रगति प्रतिवेदन

**१. जिल्ला सभाको वैठक आयोजना र निर्णय कार्यान्वयन :**

मिति २०७६/४/२४ गते र २०७६/४/२८ गते आयोजना गरिएको जिल्ला सभाको वैठकबाट भएका निर्णयहरू सबै नगरपालिका, गाउँपालिका, सम्वन्धित मन्त्रालय, विभाग, निकाय, कार्यालयहरूमा आवश्यक जानकारी एवम् कार्यान्वयनको लागि पठाईएको छ ।

**२. २०७६/७७ को संघीय तथा प्रदेश सरकारबाट प्राप्त आय व्ययको प्रगति अवस्था :**

आर्थिक वर्ष २०७६/७७ मा जिल्ला समन्वय समितिलाई केन्द्रीय सरकार, प्रदेश सरकारहरू बाट प्राप्त अनुदान रकम एवम् स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (संचालन कार्यविधि) नियमावली अनुसार प्राप्त भएको प्रशासनिक रकमहरूको आय र व्ययको अवस्था निम्न अनुसार रहेको छ :

निम्न

| सि नं | मूल वजेट शिर्षक | अख्तियारी प्राप्त रकम | २०७७ असार मसान्त सम्मको खर्च रकम | बाँकि रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | केन्द्रीय अनुदान, सं.मा. तथा सा.प्र. मन्त्रालय ब.उ.शि.नं. : ३६५००१०५ | १२०४६०००।०० | १०७११३४६।५० | १३३४६५३।५० | |
| २ | केन्द्रीय अनुदान, भू व्य स तथा ग नि मन्त्रालय ब.उ.शि.नं. : ३३६००१०२ | २९९०००।०० | २९९०००।०० | ०० | |
| ३ | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, गण्डकी प्रदेश ब.उ.शि.नं. : ३०१०००११३ | ५०००००।०० | ४९४७१४।०० | ५२८६।०० | |
| ४ | सामाजिक विकास मन्त्रालय, गण्डकी प्रदेश पोखरा | ३०००००।०० | २६७८५०।०० | ३२१५०।०० | |
| ५ | स्था.पू.वि.सा.का.नियमावली वमोजिमको प्रशासनिक खर्च | १०८००००।०० | ९३६७८५।०० | १४३२१५।०० | |
| जम्मा : | | १,४२,२५०००।०० | १२७९०६९५।५० | १५,१५,३०४।५० | |

**३. जि.स.स.को मौज्दात कोषको रकमको प्रगति अवस्था :**

मौज्दात कोषको रकमको अवस्था र प्रगति निम्न अनुसार रहेको छ :

- २०७४/७५ सम्मको मौज्दात कोषमा रहेको बाँडफाँड योग्य रकम : १२,३६,९५,७४४।७६
- आ.व. ०७५/७६ मा पालिकाहरू (व्यास र आँबुखैरेनी)लाई निकासा गरेको रकम : १,२६,००,०००।००
- आ.व. ०७५/७६ मा पालिकाहरूलाई निकासा गरेको रकम घटाउँदा बाँकि रकम : ११,१०,९५,७४४।७६
- आ.व. २०७६/७७ मा पालिकाहरूलाई निकासा गरिएको रकम : ३,३८,००,०००।००
- जि.स.स. को मर्मत सम्भारका लागि विनियोजन स्वीकृत भएको रकम : २,५०,००००।००
- २०७५/१०/१५ को निर्णयानुसार पालिकाहरूलाई निकासा गर्न बाँकि रकम : ५,१६,००,०००।००
- कूल १२,३६,९५,७४४।७६ मध्ये आ.व. ०७५/७६ र ०७६/७७ मा पालिकालाई निकासा गरिएको रकम र जि.स.स. लाई छुट्टयाईएको रकम घटाउँदा रु. १,०६,९५,७४४।७६ वचत रहन जाने हुन्छ । यो वचत रहन जाने रकमको सम्वन्धमा मिति २०७६/४/२८ गतेको जिल्ला सभाको नि.नं. २ ले *"पालिकाहरूको जनसंख्या, भूगोल र पालिकाको आम्दानीको आधारमा जि.स.स. मौज्दात कोष संचालन निर्देशिका २०७५ अनुसारको कार्यक्रम व्यवस्थापन समितिले आवश्यक निर्णय गरि पालिकाहरूलाई उपलब्ध गराउने"* निर्णय भएको छ । यो निर्णय यस आर्थिक वर्षमा कार्यान्वयन हुन सकेन ।

- आर्थिक वर्ष २०७५/७६ र ०७६/७७ मा पालिकाहरूलाई निकासा गरिएको रकम (लाखमा) विवण निम्न अनुसार रहेको छ :

| सि. नं. | आ.व. | व्यास न.पा. | शुक्लागण्डकी न.पा. | भानु न.पा. | भिमाद न.पा. | म्याग्दे गा.पा. | घिरिङ्ग गा.पा | ऋषिङ गा.पा. | बन्दीपुर गा.पा. | देवघाट गा.पा. | आँबुखैरेनी गा.पा. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ०७५/७६ | ७० | ० | ० | ० | ० | ० | ० | ० | ० | ५६ |
| २ | ०७६/७७ | ३० | ० | ७० | ७० | ० | ० | ५६ | ५६ | ५६ | ० |
| जम्मा : | | १०० | ० | ७० | ७० | ० | ० | ५६ | ५६ | ५६ | ५६ |

- आ व २०७६/७७ मा मौज्दात कोषको कार्यसम्पादन र प्रगति निम्न अनुसार रहेको छ :

| सि. नं. | पालिका | आ.व २०७५/७६ | | | | आ व २०७६/७६ | | | | निकासा भएको जम्मा रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | माग भएको योजना संख्या | स्वीकृत योजना संख्या | स्वीकृत वजेट | निकासा भएको वजेट | माग भएको योजना संख्या | स्वीकृत योजना संख्या | स्वीकृत वजेट | निकासा भएको वजेट | |
| १ | व्यास न.पा. | ५ | ५ | १ करोड | ७० लाख | ० | ० | ० | ३० लाख | १ करोड |
| २ | शुक्लागण्डकी न.पा. | ० | ० | ० | ० | २ | २ | ३७.१ लाख | ० | ० |
| ३ | भिमाद न.पा. | ० | ० | ० | ० | २ | २ | १ करोड | ७० लाख | ७० लाख |
| ४ | भानु न.पा. | ० | ० | ० | ० | २ | २ | १ करोड | ७० लाख | ७० लाख |
| ५ | ऋषिङ गा.पा. | १ | १ | ८० लाख | ० | ० | ० | ० | ५६ लाख | ५६ लाख |
| ६ | घिरिङ गा.पा. | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ७ | म्याग्दे गा.पा. | ० | ० | ० | ० | १ | ० | ० | ० | ० |
| ८ | आँबुखैरेनी गा.पा. | १ | १ | ८० लाख | ५६ लाख | ० | ० | ० | ० | ५६ लाख |
| ९ | बन्दिपुर गा.पा. | २ | २ | ८० लाख | ० | ० | ० | ० | ५६ लाख | ५६ लाख |
| १० | देवघाट गा.पा. | २ | २ | ८० लाख | ० | ० | ० | ० | ५६ लाख | ५६ लाख |

**४. जिल्ला समन्वय समितिको वैठक :**

स्थानीय सरकार संचालन ऐन, २०७४ को व्यवस्था अनुसार आर्थिक वर्ष २०७६/७७ मा जिल्ला समन्वय समितिका मासिक वैठकहरू नियमित रुपमा संचालन हुँदै आएका छन्। यस आर्थिक वर्षमा निम्न अनुसार १५ वटा वैठकहरू सम्पन्न भएका छन् :

| सि. नं. | विषय | महिना र जि.स.स. वैठक संख्या | | | | | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | साउन | भाद्र | असोज | कार्तिक | मंसिर | पुस | माघ | फाल्गुण | चैत्र | वैशाख | जेष्ठ | असार | |
| १ | जि.स.स. वैठक | २ | २ | १ | १ | १ | १ | १ | १ | ० | १ | २ | २ | १५ |

**५. ढुङ्गा, गिट्टी, वालुवाको संकलन र उत्खननका लागि IEE को समयावधि थप :**

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट जिल्ला समन्वय समितिलाई प्राप्त हुन आएको प्रत्यायोजित अधिकार अनुसार आर्थिक वर्ष २०७६/७७ मा पालिकाहरूबाट भएको अनुरोध अनुसार ढुङ्गा, गिट्टी, वालुवाको संकलन र उत्खननको लागि स्वीकृत भएको IEE प्रतिवेदन लाई १ वर्षको म्याद थप गरि पठाईएको छ।

**६. सेवा निवृत्त कर्मचारीको सेवा सुविधा :**

साविक जिल्ला विकास समितिमा कार्यरत रही सेवा निवृत भएका कर्मचारीहरूको सेवा निवृत्त भएपछि पाउने सुविधा रकमको लागि सं.मा.तथा सा.प्र.मन्त्रालयमा पुनः अनुरोध गर्ने भन्ने निर्णय भए अनुसार कार्यालयबाट पुन अनुरोध गरि पठाईएको छ। सेवा निवृत्त कर्मचारीहरूको सुविधाको रकमको भुक्तानी सम्वन्धमा हालै सं.मा. तथा सा.प्र. मन्त्रालयबाट च.नं. ०५, मिति २०७७/४/४ को पत्रद्वारा जिल्ला समन्वय समितिमा रहेको कर्मचारी कल्याण कोषबाट भुक्तानी गर्ने र सो कोषमा रकम नभएमा वा नपुग भएमा आवश्यक रकम एकिन गरी सम्वन्धित को.ले.नि.का. बाट आवश्यक रकम र नपुग रकम विवरण प्रमाणित गराई मन्त्रालयमा पठाउने भन्ने निर्देशन प्राप्त भएको छ।

**७. जिल्ला अनुमगन तथा समन्वय समितिको वैठक :**

जिल्ला अनुगमन तथा समन्वय समितिबाट नदीजन्य पदार्थ ढुङ्गा, गिट्टी, वालुवा उत्खनन तथा संकलनको नियमित अनुगमन कार्य भै रहेको छ। यस आर्थिक वर्षमा ६ वटा वैठकहरू वसी आवश्यक निर्णयहरू गरि गाउँपालिका तथा नगरपालिकाहरूलाई सुझाव सल्लाह निर्देशन पठाई सहजीकरण गरिएको छ। साथै नियमनका लागि सम्वन्धित निकायहरू सँग समन्वय गर्ने कामहरू अगाडी वढाईएको छ।

**८. स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम सम्वन्धमा :**

नेपाल सरकारबाट स्वीकृत भएको स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (संचालन कार्यविधि) नियमावली, २०७६ को व्यवस्था वमोजम कार्यक्रम परामर्श समिति र कार्यक्रम निर्देशक समितिको वैठक वसी २ वटा निर्वाचन क्षेत्रका लागि ६/६ करोडका दरले १० वटै पालिकाहरूमा निम्न अनुसारका योजना स्वीकृत भए वमोजिम स्वीकृत भएका योजनाहरू लाई यथासमयमा सवै पालिकाहरूमा कार्यान्वयनको लागि पठाईएको। नियमावलीले प्रदान गरेको जिम्मेवारी अनुसार जिल्ला समन्वय समितिबाट देहाय बमोजिम कार्य सम्पादन सम्पन्न गरिएको छ।

(क) निर्वाचन क्षेत्र नं : १

| सि.नं. | पालिका | स्वीकृत योजना संख्या | स्वीकृत कूल वजेट | कैफियत |
|---|---|---|---|---|
| १ | भानु नगरपालिका | ६ | १ करोड ६४ लाख ६० हजार | |
| २ | व्यास नगरपालिका | ८ | १ करोड ६५ लाख | |
| ३ | आँबुखैरेनी गाउँपालिका | ४ | ९५ लाख | |
| ४ | बन्दिपुर गाउँपालिका | ४ | ८५ लाख | |
| ५ | देवघाट गाउँपालिका | ५ | ८५ लाख | |
| **जम्मा :** | | **२७ वटा** | **५ करोड ९४ लाख ६० हजार** | |

(ख) निर्वाचन क्षेत्र नं : २

| सि.नं. | पालिका | स्वीकृत योजना संख्या | स्वीकृत कूल वजेट | कैफियत |
|---|---|---|---|---|
| १ | व्यास नगरपालिका | ४ | ४० लाख | |
| २ | शुक्लागण्डकी नगरपालिका | ७ | १ करोड २० लाख | |
| ३ | भिमाद नगरपालिका | ६ | १ करोड ३० लाख | |
| ४ | म्याग्दे गाउँपालिका | ६ | १ करोड २४ लाख | |
| ५ | ऋषिङ गाउँपालिका | ५ | ९० लाख ६० हजार | |
| ६ | घिरिङ गाउँपालिका | ५ | ९० लाख | |
| **जम्मा :** | | **३३ वटा** | **५ करोड ९४ लाख ६० हजार** | |

**९. जिल्ला समन्वय समितिका पदाधिकारी/सदस्य द्वारा पालिकाको अनुगमन, समन्वय र सहजीकरण :**

आ व ०७६/७७ मा जिल्ला समन्वय समितिका पदाधिकारी र सदस्यहरूबाट १० वटै पालिकाहरूमा स्थलगत रुपमा अनुगमन, समन्वय र सहजीकरण गर्ने कार्य सम्पन्न भएको छ। पदाधिकारी तथा सदस्यहरूबाट स्थानीय तहहरूवाट सम्पादन भईरहेको सेवा प्रवाह, कार्यान्वयन गरिएका विकास निर्माण कार्यहरूको स्थलगत रुपमा अनुगमन गरी स्थानीय तहहरूलाई सुझाव प्रदान गरिएको छ। साथै कोरोना भाईरस (कोभिड १९) को संक्रमण रोकथाम र नियन्त्रणको कार्यमा स्थानीय तहहरूलाई लक डाउनकै अवस्थामा पनि समन्वय, सहजीकरण, सुझाव सल्लाह दिईएको छ।

**१०. जल उपभोक्ता संस्था दर्ता तथा जलस्रोत उपयोगको अनुमतीपत्र :**

जल स्रोत ऐन, २०४९ तथा जलस्रोत नियमावली, २०५० को व्यवस्था वमोजिम प्रमुख जिल्ला अधिकारीको अध्यक्षता र जिल्ला समन्वय अधिकारी सदस्य सचिव हुने जिल्ला जलस्रोत समितिबाट जिल्ला भित्र खानेपानी, सिचाई योजना संचालनका लागि गठन भएका जल उपभोक्ता समिति/संस्थाहरूको संस्था दर्ता गरी जलस्रोत उपयोगको अनुमति प्रदान गर्ने, प्रमाणपत्र जारी गने र जलस्रोत उपयोगको थपको अनुमति दिने कामहरू गरिएको छ। यस वमोजिम जिल्ला जलस्रोत समितिबाट आर्थिक वर्ष २०७६/७७ मा १० वटै पालिकाहरूवाट आएका निवेदनहरूमा कारवाही भई ३८ वटा जल उपभोक्ता संस्थाहरू दर्ता गरी जलस्रोत उपयोगको अनुमति दिईएको, ४ वटा संस्थाहरूलाई जलस्रोत उपयोगको थप अनुमति प्रदान गरि जम्मा ४२ वटा स्वीकृत पत्र जारी गरीएको छ। यी कार्यहरूवाट जि.स.स. कोषमा रु. ८२,२९०।०० आय भएको छ।

**११. जिल्ला समन्वय समितिको दरवन्दी र पदपूर्तिको अवस्था :**

नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार, काठमाण्डौको च.न. ५८१९, मिति २०७४/१२/१९ गतेको पत्र साथ प्राप्त हुन आएको जि.स.स. को दरवन्दी तेरिजमा मिति २०७५/९/१९ गते परिमार्जन भएको व्यहोरा मन्त्रालयको वेभसाईट (www.mofaga.gov.np) मार्फत प्राप्त स्वीकृत सँगठन तालिका अनुसार जि.स.स. तनहुँको लागि १३ जना कर्मचारीहरू रहने गरी सँगठन तालिका र कर्मचारीहरूको दरवन्दी प्राप्त भएको छ। उक्त दरवन्दी तालिका देहाय बमोजिम रहेको छ :

| सि नं | कार्यालय/शाखा | स्वीकृत दरवन्दीको | | | | पदपूर्तिको अवस्था | |
|---|---|---|---|---|---|---|---|
| | | पदनाम | सेवा समूह | श्रेणी | संख्या | पूर्ति | रिक्त |
| १ | कार्यालय प्रमुख | जिल्ला समन्वय अधिकारी | प्रशासन, सा.प्र | रा.प.द्धितीय | १ | १ | ० |
| २ | व्यवस्थापन शाखा | शाखा अधिकृत | प्रशासन, सा.प्र | रा.प.तृतीय | १ | ० | १ |
| ३ | | नायव सुब्बा | प्रशासन, सा.प्र | रा.प.अनं प्रथम | १ | १ | ० |
| ४ | | लेखापाल | प्रशासन, लेखा | रा.प.अनं प्रथम | १ | ० | १ |
| ५ | | खरिदार | प्रशासन, सा.प्र | रा.प.अनं द्धितीय | १ | १ | ० |
| ६ | | सवारी चालक | - | श्रेणी विहिन | ३ | २ | १ |
| ७ | | कार्यालय सहयोगी | - | श्रेणी विहिन | ३ | २ | १ |
| ८ | अनुगमन तथा मूल्यांकन शाखा | ईन्जिनियर | ईन्जि, सिभिल | रा.प तृतीय | १ | ० | १ |
| ९ | | सव ईन्जिनियर | ईन्जि, सिभिल | रा.प.अनं प्रथम | १ | १ | ० |

*नोट : जि.स.स. प्रमुखको निजी सचिवालयमा रहने रा.प.अनं. प्रथम तहको पदमा जि.स.स.को कुनै कर्मचारीलाई खटाउन वा करारमा नियुक्त गर्न सक्नेछ। यसरी करार नियुक्ति गरेको कर्मचारीलाई जि.स.स. प्रमुखको पदावधि समाप्त भएमा स्वतः अवकाश हुने। साथै गरिव सँग विश्वेश्वर कार्यक्रमका लागि भूमी व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयबाट एक जना जिल्ला समन्वयकर्ता नियुक्त भई कार्यरत रहेको।*

**१२. जिल्ला परियोजना सल्लाहकार समिति (District Project Advosory Committee)को बैठक :**

जिल्ला भित्र कियाशिल र कार्यरत गैर सरकारी संघ संस्थाहरूलाई उनीहरूको कार्यक्रम, बजेट कार्यान्वयनको अवस्था र प्रगतिको विषयमा समन्वय, सहजीकरण, निर्देशन र अनुगमनका लागि जिल्ला समन्वय समितिका प्रमुखको अध्यक्षतामा जिल्ला परियोजना सल्लाहकार समिति (District Project Advisory Committee) रहने व्यवस्था अनुसार आर्थिक वर्ष २०७६/७७ मा DPAC को २ वटा वैठकहरू सम्पन्न भएका छन् ।

**१३. जि.स.स. को स्वामित्वमा रहेको देउराली नगर (बीसघरे)को जग्गा सम्बन्धमा :**

जि.स.स. को स्वामित्वमा रहेको तनहुँ जिल्ला साविक फराकचौर ९/ट कि.नं. ३४ र ३५ देउरालीनगरमा रहेको २९-९-२-० क्षेत्रफलको जग्गामा अव्यवस्थित रुपमा वसेका व्यक्तिहरूको साविक जि.वि.स.द्वारा गठीत जग्गा व्यवस्थापन समितिको प्रतिवेदन समेतका आधारमा प्रचलित मूल्य लिई सम्वन्धित व्यक्तिहरूलाई विकी गर्न अनुमतिका लागि संघीय मामिला तथा सामानय प्रशासन मन्त्रालयलाई अनुरोध गर्ने भनी दोस्रो जिल्ला सभा (मिति २०७५/३/३० र २०७५/४/७) बाट निर्णय भए अनुसार जिल्ला समन्वय समितिबाट विभिन्न मितिमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा अनुरोध गरि पठाईएकोमा सहमति प्राप्त नभएको र उक्त विषयमा पुनः चौथो जिल्ला सभा (२०७६/४/२४ र २०७६/४/२८) मा निर्णय भए अनुसार सं.मा. तथा सा.प्र. मन्त्रालयमा पुनः च.नं. १०५, मिति २०७६/५/१३ को पत्रद्वारा अनुरोध गरि पठाईएको छ । यो विषयमा हाल सम्म सहमति प्राप्त भएको छैन ।

त्यस्तै उक्त सभाबाट तनहुँ जिल्ला साविक फराकचौर ९/ग कि.नं. ६०३ को जि.स.स.को नाममा रहेको ०-१-३-० को जग्गामा सोही स्थान कि.नं. ६९१ को क्षेत्रफल ०-१-३-३ को जग्गाका जग्गाधनी श्री रेवत राज शाहले २०५७ सालमा घर निर्माण गरेकोमा दोस्रो जिल्ला सभाको निर्णय अनुसार उक्त जग्गा साटफेर गर्ने अनुमतिका लागि मन्त्रालयमा अनुरोध गरि पठाईएकोमा हाल सम्म अनुमति प्राप्त भई नसकेको अवस्था छ । सहमति प्राप्त भई नसकेको अवस्थामा कार्यालयबाट अनुगमन गर्दा श्री रेवत राज शाहले आफ्नो नामको उक्त कित्ताको जग्गामा कम्पाउण्ड वाल लगाई भौतिक संरचना समेत निर्माण गर्न लागेको पाईएको हुँदा तत्कालै कार्यालयबाट च.नं. ३५२ मिति २०७६/१०/१७ को पत्रद्वारा निजलाई आफ्नो नामको उक्त कित्ताको जग्गामा कुनै पनि संरचना निर्माण नगर्नका लागि निर्देश गरिएको छ ।

**१४. सवारी साधन टाटा सुमो जीपको हस्तान्तरण :**

जिल्ला समन्वय समिति तनहुँलाई आर्थिक वर्ष २०७५/७६ मा नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरवार, काठमाण्डौवाट प्राप्त हुन आएको टाटा जीप (पुरानो / मोडल १९९९ / सुमो ४ × ४) एक थान कार्यालयमा आम्दानी बाँधि प्रयोगमा ल्याईएको थियो । उक्त पुरानो जीपलाई जिल्ला समन्वय समितिको मिति २०७६/६/१३ गतेको नि.नं. १ अनुसार व्यास नगरपालिकाको कार्यालय, तनहुँलाई च.नं. २२२ मिति २०७६/७/८ गतेको पत्र सहीत हस्तान्तरण गरिएको छ ।

**१५. सवारी साधन, मोटरसाईकलहरूको हस्तान्तरण :**

साविक जिल्ला विकास समितिको कार्यालयको श्रेस्तामा आम्दानी बाँधि जिल्ला समन्वय समितिको नाममा रहेका निम्न अनुसारका पुराना मोटरसाईकलहरू निम्न अनुसारको पालिका / कार्यालयहरूमा हस्तान्तरण गरिएको छ :

**निम्न**

| सि. नं. | मोटर साइकलको | | | हस्तान्तरण गरिएको | | |
|---|---|---|---|---|---|---|
| | प्लेट नं. | मोडल | मूल्य | पालिका / निकाय | मिति | निर्णय मिति |
| १ | ग ९ प ६०८९ | Yamaha FZS | १९४४८९।०० | ऋृषिङ गा.पा. | २०७७/०३/०३ | जि.स.स.वोर्ड बैठक (२०७६/१०/१९) को निर्णय नं. १ |
| २ | ग १० प २८६० | Bajaj Discover | १८२८९९।०० | बन्दिपुर गा.पा. | २०७६/१२/०७ | |
| ३ | बा १ ब २७९ | Yamaha Gladiator | १४७९००।०० | देवघाट गा.पा. | २०७६/१०/२७ | |
| ४ | ग ५ प ६८७८ | Yamaha Gladiator YBR | १४९९००।०० | जि.प्रशासन का., तनहुँ | २०७७/०३/३० | जि.स.स. प्रमुखज्यू को २०७७/०३/०३ को निर्णयअनुसार |

**१६. स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमको अनुगमन :**

स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (संचालन कार्यविधि) नियमावली, २०७५ को व्यवस्था वमोजिम तनहुँ जिल्ला निर्वाचत क्षेत्र नं. १ र २ वाट प्रतिनिधि सभामा प्रतिनिधित्व गर्नुहुने माननीय सांसदहरूको संयोजकत्वमा वसेको वैठकबाट स्वीकृत भएका कार्यक्रमहरूको उक्त नियमावलीको व्यवस्था वमोजिम नियमित अनुगमन गर्ने कार्य भएको छ । उक्त नियमावलीको दफा १७(२) को व्यवस्था वमोजिम स्वीकृत कार्यक्रमहरूको नियमित अनुगमन गर्न, समनन्वय गर्न र प्रतिवेदन गर्नको लागि निर्वाचन क्षेत्र नं. १ का माननीय सांसद कृष्ण कुमार श्रेष्ठज्यूवाट नियुक्त प्रतिनिधि श्री श्रीराम कार्की र निर्वाचन क्षेत्र नं. २ का माननीय सांसद केदार सिग्देलज्यू बाट नियुक्त प्रतिनिधि श्री राजेश्वर ढकालबाट अनुगमन गरी जि.स.स. मा प्रतिवेदन पेश भएको छ । माननीय ज्यूहरूबाट पनि स्थलगत रुपमा उक्त योजनाहरूको नियमित अनुगमन भएको छ ।

### १७. गण्डकी प्रदेश निर्वाचन क्षेत्र विकास कार्यक्रमको अनुगमन :

गण्डकी प्रदेश सभाका माननीय सदस्यको संयोजकत्वमा वैठक वसी तनहुँ जिल्लाका ४ वटा प्रदेश निर्वाचन क्षेत्रमा स्वीकृत भएका निर्वाचन क्षेत्र विकास कार्यक्रमहरूको जिल्ला समन्वय समितिका उप-प्रमुख र सदस्यहरूबाट स्थलगत अनुगमनको कार्यमा सहभागिता भएको छ। प्रदेश सभा सदस्यको निर्वाचन क्षेत्र विकास कार्यक्रमको कार्यविधिले व्यवस्था गरेको अनुगमन समितिमा जिल्ला समन्वय समितिका उप-प्रमुख र जिल्ला समन्वय समितिका प्रमुखले तोकेको १ जना सदस्य रहने व्यवस्था भए वमोजिम जिल्ला समन्वय समितिको तर्फबाट निम्न निर्वाचन क्षेत्रमा निम्न पदाधिकारी / सदस्यबाट सहभागिता भएको छ :

निम्न

| सि. नं. | अनुगमन गरिएको क्षेत्र | अनुगमन गरिएको मिति | जि स स को तर्फबाट अनुगमन गर्ने पदाधिकारी सदस्य |
|---|---|---|---|
| १ | प्रदेश निर्वाचन क्षेत्र नं. १ (क) | २०७७ असार १४ गते | उपप्रमुख श्री पवित्रादेवी पौडेल, सदस्य श्री गल बहादुर गुरुङ्ग |
| २ | प्रदेश निर्वाचन क्षेत्र नं. १ (ख) | २०७७ असार १५ गते | उपप्रमुख श्री पवित्रादेवी पौडेल, सदस्य श्री केश बहादुर सुनार |
| ३ | प्रदेश निर्वाचन क्षेत्र नं. २ (क) | २०७७ असार १२ गते | उपप्रमुख श्री पवित्रादेवी पौडेल, सदस्य श्री सरास्वती गौतम |
| ४ | प्रदेश निर्वाचन क्षेत्र न. २ (ख) | २०७७ जेष्ठ ३० गते | उपप्रमुख श्री पवित्रादेवी पौडेल, सदस्य श्री निल बहादुर थापा |

### १८. जिल्ला स्थित विषयगत कार्यालयका कार्यक्रमहरूको अनुगमन :

गण्डकी प्रदेश सरकारबाट स्वीकृत भई जिल्ला स्थित विषयगत कार्यालयहरूबाट संचालन भएका केही कार्यक्रमहरूको जिल्ला समन्वय समितिका प्रमुख, सदस्य र जिल्ला समन्वय अधिकारीबाट सम्बन्धीत कार्यालयको सहभागितामा स्थलगत रुपमा निम्न अनुसार अनुगमन गर्ने कार्य गरिएको छ। कोरोना भाईरस (कोभिड १९) को संक्रमण र लकडाउनको अवस्थाले गर्दा सबै कार्यालयहरूका कार्यक्रमहरूलाई यो आ.व.को अनुगमनमा समेट्न सकिएन।

निम्न

| सि.नं. | अनुगमन भएको स्थान | अनुगमन गरिएको कार्यक्रम | कार्यान्वन गर्ने कार्यालयको नाम |
|---|---|---|---|
| १ | भिमाद नगरपालिका | भिमाद ऋषिङ सडक | पूर्वाधार विकास कार्यालय, नवलपुर (सुस्ता पूर्व) |
| २ | ऋषिङ गाउँपालिका | झापुटार चालिसे सडक मार्ग | पूर्वाधार विकास कार्यालय, नवलपुर (सुस्ता पूर्व) |
| ३ | व्यास नगपालिका | तिमिल्सीना भैंसी फार्म, दाजुभाई गाई फार्म, आयुष वाखा फार्म , अधिकारी वाखा फार्म। | भेटेरीनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र |
| ४ | शुक्लागण्डकी न.पा. | गाई तथा भैसि फार्महरू | भेटेरीनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र |
| ५ | विभिन्न पालिकाहरू | सीप सम्वन्धी संचालित तालिम प्रविधि कार्यक्रम | घरेलु तथा साना उद्योग कार्यालय, तनहुँ |

### १९. राष्ट्रिय दिवस तथा पर्वहरूको आयोजना :

संघीय सरकारबाट विभिन्न समयमा राष्ट्रिय दिवस तथा पर्वहरू मनाउने सम्वन्धमा प्राप्त भएका परिपत्र, निर्देशन अनुसार जिल्ला समन्वय समितिका प्रमुखको संयोजकत्वमा जिल्ला स्तरिय मूल समिति गठन गरि जिल्ला सदरमुकाममा विभिन्न राष्ट्रिय दिवस तथा पर्वहरूलाई भव्यताका साथ मनाउन जिल्ला समन्वय समितिबाट संयोजन भएको छ। यस आर्थिक वर्षमा संविधान दिवस (२०७६/६/३ गते) प्रजातन्त्र दिवस (२०७६/११/७ गत) राष्ट्रिय महत्वका दिवस एवम् कार्यक्रमहरू भव्यताका साथ मनाउने कार्यक्रम सम्पन्न भएको छ। यस आ.व. मा कोरोना भाईरस (कोभिड १९) को संक्रमणका कारण गणतन्त्र दिवस र राष्ट्रपति रनिङ्ग शिल्ड आदि कार्यक्रमहरूलाई औपचारिक रुपमा आयोजना गरि मनाउन सकिएन ।

### २०. जि.स.स. महासंघलाई सदस्यता शुल्क वापतको रकम भुक्तानी :

जिल्ला समन्वय समितिहरूको छाता सँगठनको रुपमा रहेको जिल्ला समन्वय समिति महासंघ, नेपालबाट विगत वर्षहरूको सदस्यता शुल्कको वक्यौता, चालू आ.व.को सदस्यता शुल्क र प्रथम राष्ट्रिय परिषद्को सहभागिता शुल्क समेत गरी कूल रु. ८५,०००।०० रकम पठाईदिन अनुरोध भई आएको। उक्त अनुसारको रकम माग भई आएको सम्वन्धमा जि.स.स. वोर्डको मिति २०७६/९/१४ गतेको निर्णय समेतका आधारमा कार्यालयको वजेट अवस्था समेतलाई हेरी महासंघलाई प्रथम राष्ट्रिय परिषदको प्रवेश शुल्क वापत रु. १०,०००।०० र सदस्यता शुल्क वापत रु. २८,१२५।०० समेत गरी ३८,१२५।०० जि.स.स. महासंघ, नेपालका नाममा खर्च लेखि पठाईएको छ।

## २१. जिल्ला समन्वय समितिको कार्यसम्पादनमा समिति, उपसमिति र कार्यदलको गठन :

जिल्ला समन्वय समितिले सम्पादन गर्नुपर्ने विभिन्न कार्यहरूलाई व्यवस्थित र प्रभावकारी बनाउनका लागि जि.स.स. बैठकले विभिन्न उपसमिति र कार्यदल गठन गरी कार्य अगाडी बढाएको छ। यस आर्थिक वर्ष २०७६/७७ मा जि.स.स. बैठकले निम्न अनुसारका उपसमिति र कार्यदलहरूको गठन गरि कार्य सम्पादन गरेको छ ।

निम्न

| सि. नं. | समिति/उपसमिति/कार्यदलको नाम | गठन मिति र निर्णय नं. | कार्यदलमा रहनु भएका पदाधिकारी / सदस्य | जिम्मेवारी |
|---|---|---|---|---|
| १ | आ.व ०७६ /७७ को जिल्ला सभाको नीति तथा कार्यक्रम तर्जुमा मस्यौदा समिति | २०७६/४/१४<br>नि.नं २ | उपप्रमुख श्री पवित्रा देवी पौडेल<br>सदस्य श्री निल बहादुर राना<br>सदस्य श्री केश बहादुर सुनार<br>सदस्य श्री अर्जुन बहादुर अधिकारी<br>सदस्य श्री सरास्वती गौतम<br>शा.अ श्री उदय बहादुर पराजुली | संयोजक<br>सदस्य<br>सदस्य<br>सदस्य<br>सदस्य<br>स.सचिव |
| २ | जिल्ला सभा संचालन कार्यविधि २०७५ को संशोधन मस्यौदा कार्यदल | २०७६/५/५<br>नि.नं. ५ | सदस्य श्री अर्जुन बहादुर अधिकारी<br>सदस्य श्री सरास्वती गौतम<br>ना.सु श्री नर बहादुर सार्की | संयोजक<br>सदस्य<br>स.सचिव |
| ३ | वार्षिक समिक्षा गोष्ठि तयारी समिति | २०७६/५/५<br>नि.नं. ६ | प्रमुख श्री शान्तिरमण वाग्ले<br>उपप्रमुख श्री पवित्रादेवी पौडेल<br>जि.स.अ. श्री प्रेम राज गिरी | संयोजक<br>सदस्य<br>स.सचिव |
| ४ | कर्मचारी आवाश क्षेत्रमा जडान भएका सेवाहरूको किसिम, संख्या, आवश्यकता उपयोगिता, भाडादर, सेवा उपभोगको रकम र आवाश क्षेत्रको व्यवस्थापनका सम्वन्ध राय सुझाव पेश गर्ने कार्यदल | २०७६/५/५<br>नि.नं. ८ | सदस्य श्री निल बहादुर थापा<br>सदस्य श्री गल बहादुर गुरुङ्ग<br>शा.अ. श्री उदय बहादुर पराजुली | संयोजक<br>सदस्य<br>स.सचिव |
| ५ | लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान अन्तर्गत संचालन हुने अन्तरक्रिया कार्यक्रम तयारी समिति | २०७६/८/१२<br>नि.नं. ५ | उपप्रमुख श्री पवित्रादेवी पौडेल<br>सदस्य श्री गल बहादुर गुरुङ्ग<br>शा.अ. श्री उदय बहादुर पराजुली | संयोजक<br>सदस्य<br>स.सचिव |
| ६ | भानु नगरपालिकाको केन्द्र परिवर्तन सम्वन्धमा भएको निर्णय तथा विषयवस्तुको अध्ययन गरी प्रतिवेदन पेश गर्ने अध्ययन कार्य दल | २०७६/११/२०<br>नि. नं. ५ | उपप्रमुख श्री पवित्रादेवी पौडेल<br>सदस्य श्री निल बहादुर थापा<br>सदस्य श्री केश बहादुर सुनार | संयोजक<br>सदस्य<br>सदस्य |
| ७ | जि.स.स.को स्वामित्वको घर, टहरा, जग्गा,सटर आदिको भाडादर सम्झौता शर्त, अवधि, नवीकरण ,अवस्था समेतको अध्ययन गरी राय सुझाव पेश गर्ने कार्यदल। | २०७७/३/१५<br>नि.नं. २ | सदस्य श्री निल बहादुर थापा<br>सदस्य श्री अर्जुन बहादुर अधिकारी<br>सदस्य श्री गल बहादुर गुरुङ्ग | संयोजक<br>सदस्य<br>सदस्य |
| ८ | २०७७/३/१५ गतेको नि.नं. २ बाट गठीत कार्यदलले पेश गरेको प्रतिवेदनलाई थप अध्ययन गरी भाडा, नवीकरण, शर्त आदिको सम्वन्धमा ठोस प्रस्ताव सहीत सुझाव पेश गर्ने कार्यदल। | २०७७/३/२५<br>नि.नं. २ | उपप्रमुख श्री पवित्रादेवी पौडेल<br>सदस्य श्री निल बहादुर थापा<br>सदस्य श्री अर्जुन बहादुर अधिकारी<br>सदस्य श्री केश बहादुर सुनार<br>सदस्य श्री गल बहादुर गुरुङ्ग | संयोजक<br>सदस्य<br>सदस्य<br>सदस्य<br>सदस्य |

## २२. आ व ०७५/७६ को अन्तिम लेखा परीक्षण कार्य सम्पन्न :

जिल्ला समन्वय समितिको कार्यालयको आर्थिक वर्ष २०७५/७६ को वार्षिक आय, व्यय, राजश्व, धरौटी आदिको श्रेस्ताहरूको महालेखा परीक्षकको कार्यालयबाट जि.स.स.को कार्यालयमा स्थलगतरुपमा आई लेखा परीक्षणको कार्य सम्पन्न भई प्रतिवेदन प्राप्त भएको छ।

## २३. कोरोना भाईरस (कोभिड १९) को संक्रमण रोकथाम तथा नियन्त्रणमा जि.स.स.को सहभागिता र प्रयास :

विश्वव्यापी रुपमा फैलिईरहेको कोरोना भाईरस (कोभिड १९) बाट पर्न सक्ने असर र प्रभावलाई दृष्टिगत गरी त्यसको संक्रमणलाई फैलिन नदिई पूर्व रोकथाम तथा नियन्त्रण गर्ने उदेश्यले संघीय सरकारबाट मिति २०७६ चैत्र ११ गतेदेखि घोषणा गरिएको लक डाउनको अवधिभर जि.स.स. तनहुँबाट निम्न अनुसार सहभागिता, समन्वय, अवलोकन अनुगमन सहीत कार्यक्रमहरू सम्पन्न गरिएको छ :

निम्न

- जि.स.स. प्रमुखको अध्यक्षतामा स्थानीय तहका प्रमुख उपप्रमुख, प्रशासकिय अधिकृतहरूका वीच समन्वय वैठकको आयोजना गरिएको।
- पलिकाहरूका प्रमुख, उप-प्रमुख, प्रमुख प्रशासकीय अधिकृत र स्वास्थ्य शाखा प्रमुखहरू सँग Video Conference को आयोजना गरीएको।

- प्रमुख, उप-प्रमुख, सदस्यहरू र जि.स.अ.बाट सबै पालिकाहरूमा २०७६/२/२३ गते देखि २०७६/२/३१ गते सम्म स्थलगत रुपमा भ्रमण गरी पालिकाहरूबाट सम्पादन भएका कार्यहरूको विवरण, सूचना, तथ्यांक संकलन गरिएको । स्थलगत भ्रमणका अवस्थामा पालिकाहरूलाई आवश्यक सुझाव, सल्लाह प्रदान गरिएको ।
- प्राप्त भएका समस्या र सुझावलाई संश्लेषण गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेश पोखरामा प्रतिवेदन पठाउने काम गरिएको ।
- पालिकाहरूमा स्थापना र संचालन भएका क्वारेन्टीन, आईलोसेन कक्षहरूको स्थलगत रुपमा अवलोकन र अनुगमन गरिएको । कतिपय पालिकाहरूमा स्थानीय समुदायहरूले क्वारेन्टीन, आईसोलेसन स्थापना गर्न नदिएको अवस्थामा जि.स.स.का प्रमुखको नेतृत्वमा जिल्लाबाट टोली गएर स्थापना गर्ने गराउने कार्यमा समन्वय र सहजीकरण गरिएको ।
- जि.स.स. बाट जिल्लामा गठन भएको CCMC सँग समन्वय गरी पालिकाहरूलाई सहजीकरण गर्ने काम गरिएको
- पालिकाहरूसँग गरिएको Video Conference बाट र पालिकाहरूमा गरिएको स्थलगत अनुगमनको क्रममा पाईएका विषय वस्तुहरूलाई एकीकृत गरि जिल्लाको सुझाव र माग समेतको प्रतिवेदन तयार गरेर गण्डकी प्रदेश सरकारका मुख्यमन्त्री समक्ष पठाईएको ।
- जिल्ला समन्वय समितिको आन्तरिक आयको मौज्दात रकम मध्ये बाट रु. ५० लाख रुपैया श्री जि.पी. मेमोरियल श्वास प्रश्वास केन्द्र, शुक्लागण्डकीलाई उपलब्ध गराउन सं.मा. तथा सा.प्र. मन्त्रालयमा सहमति माग गरिएको । माग अनुसार सहमति प्राप्त हुन नसकेको हुँदा कार्यान्वयन गर्न नसकिएको ।

**२४. गण्डकी प्रदेश सरकारबाट प्राप्त भएको वजेट र कार्यक्रमको कार्यान्वयन :**

आर्थिक वर्ष २०७६/७७ मा गण्डकी प्रदेश सरकारको तर्फबाट प्राप्त भएको निम्न अनुसारको वजेट तथा कार्यक्रमको कार्यान्वयन गरिएको छ ।

**निम्न**

| सि.नं. | पठाउने निकाय | प्राप्त भएको | खर्च रकम | सम्पादन गरिएको कार्य/क्रियाकलाप |
|---|---|---|---|---|
| १ | सामाजिक विकास मन्त्रालय, गण्डकी प्रदेश, पोखरा | ५०,०००।०० | १७,८५०।०० | २०७६/८/१९ गते लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियानको अवशरमा जि.स.स. सभाहलमा स्थानीय तहका उपप्रमुख सहीत महिला जनप्रतिनिधिहरू र अन्य सरोकारवालाका वीच अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको । |
| २ | सामाजिक विकास मन्त्रालय, गण्डकी प्रदेश, पोखरा | २,५०,०००।०० | २,५०,०००।०० | मिति २०७६/११/१४ गतेदेखि २०७६/१२/२ गते सम्म लोक सेवा आयोगको खरिदार पदको प्रतिस्पर्धात्मक तयारी कक्षा संचालन गरी ५० जना सहभागिहरूलाई अभिमुखीकरण तालिम प्रदान गरिएको । |
| ३ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेश, पोखरा | ५,००,०००।०० | ४,९४,७१४।०० | जि.स.स.का पदाधिकारी तथा सदस्यहरूद्वारा पालिकाहरूमा अनुगमन भएको । विभिन्न समयमा स्थानीय तहहरूलाई समन्वय, सहजीकरण तथा पालिकाहरूमा अनुगमनका कार्यक्रम र वैठकहरू सम्पन्न भएको । |

**२५. जिल्ला समन्वय समितिको आर्थिक वर्ष २०७६/७७ को आन्तरिक आयको प्रगति :**

जिल्ला समन्वय समितिको कार्यालयको स्वामित्वमा रहेका घर, टहरा, पसल सटर, जग्गा आदिबाट र अन्य स्रोतबाट आर्थिक वर्ष २०७६/७७ मा निम्न अनुसारको आन्तरिक आय भएको छ :

**निम्न**

| सि.नं. | आन्तरिक आय शिर्षक | आय रकम | वैंक दाखिला रकम | कैफियत |
|---|---|---|---|---|
| १ | जग्गा/घर/सटरको भाडा वापत | ८४,९४,८६४।०० | वैक दाखिला गरि भौचरहरू फाईलमा संलग्न । | |
| २ | हल भाडा | ३८,४००।०० | | |
| ३ | सिफारिस दस्तुर | ८०।०० | | |
| ४ | जरिवाना | ४३,१९१।०० | | |
| ५ | खानेपानी तथा सरसफाई उपभोक्ता समिति दर्ता/जलस्रोत उपयोगको अनुमति / थप अनुमति प्रमाणपत्र तथा निवेदन | ८२,२९०।०० | | |
| ६ | विजुली महशुल | १८,७०२।०० | | |
| | जम्मा रकम | ८६,७७,५२७।०० | ८६,७७,५२७।०० | |

**२६. आ व ०७६/७७ को आय व्ययको समग्र खर्च प्रगति :**
गत वर्ष सम्पन्न भएको जिल्ला सभाको निर्णयले (२०७६/४/२८ नि.नं. १) आर्थिक वर्ष २०७६/७७ को लागि स्वीकृत गरेको विभिन्न स्रोतको वजेट रकमको खर्चको प्रगति अवस्था निम्न अनुसार रहेको छ :

निम्न

| सि. नं. | वजेट शिर्षक | २०७६/७७ का लागि स्वीकृत अनुमानित रकम | प्राप्त हुन आएको रकम | २०७६/७७ मा खर्च रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | केन्दीय अनुदान निशर्त चालू अनुदान | १२०४६०००।०० | १२०४६०००।०० | १०७११३४६।५० | |
| २ | गण्डकी प्रदेश सरकारबाट प्राप्त अनुदान (मुख्य मन्त्री. तथा मन्त्रिपरिषद्को कार्यालय) | ५००००००।०० | ५००००००।०० | ४९४७१४।०० | |
| ३ | स्था.पू.वि.सा.कार्यकमको प्रशासनिक खर्च | ६००००००।०० | १०८०००००।०० | ९३६७८५।०० | |
| ४ | जि.स.स. मौज्दातकोषको ०७५/७६ को प्रशासनिक खर्च (२० लाख) को वचत रकम | १२३४५८।०० | १२३४५८।०० | ०० | यि शिर्षकका खर्च रकमहरू मौज्दात रकमबाट खर्च गर्ने गरी स्वीकृत भएको थियो । |
| ५ | २०७४/७५ सम्मको मौज्दात कोषको रकम | १११०९५७४४।७६ | १११०९५७४४।७६ | ३३८०००००।०० | |
| ६ | आ.व. २०७५/७६ को आन्तरिक आयको मौज्दात | ९९१८६१८।०० | ९९१८६१८।०० | ०० | |
| ७ | म.ले.प. प्रतिवेदन अनुसार राजश्व दाखिला गर्न | २२६१०६०।९० | २२६१०६०।९० | २२६१०६०।९० | |
| ८ | सेवा निवृत्त कर्मचारीको सुविधा वापत विनियोजन | १००००००००।०० | १००००००००।०० | ०० | |
| ९ | ग.सं विश्वेश्वर कार्यकम जि. समन्वयकर्ता तलव | २९९०००।०० | २९९०००।०० | २९९०००।०० | |
| १० | सामाजिक विकास मन्त्रालय, गण्डकी प्रदेश | ०० | ३००००००।०० | २६७८५०।०० | |
| ११ | आ.व. २०७६/७७ को आन्तरिक आय रकम | ०० | ८६,७७,५२७।०० | ०० | |
| | जम्मा : | १४,६८,४३,८८१।७० | १५,६३,०१,४०८।७० | ४८७७०७५६।०४ | |

**२७. को.ले.नि.का. तनहुँमा जि.स.स.को नाममा रहेको धरौटी रकमको स्थानान्तरण :**
श्री वि.टी जयवावा जे.भी काठमाण्डौबाट लाव्दीखोला सडक पुलको ठेक्काको सम्वन्धमा यस कार्यालयको धरौटी खातामा रहेको रकम रु. ४३,५०,०००।०० संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च नं ७०० मिति २०७६/१२/०७ को प्राप्त पत्रको निर्देशन अनुसार कोष तथा लेखा नियन्त्रक कार्यालय तनहुँमा जिल्ला समन्वय समितिको नाममा रहेको धरौटी खाताबाट श्री पूर्वाधार विकास कार्यालय कावासोती नवलपरासी वर्दघाटको (सुस्ता पुर्व) कोष तथा लेखा नियन्त्रक कार्यालय, नवलपरासी वर्दघाट (सुस्ता पुर्व) मा रहेको धरौटी खातामा जम्मा हुने गरी स्थानान्तरण गरि पठाईएको छ ।

**२८. आर्थिक वर्ष २०७५/७६ को वार्षिक समिक्षा गोष्ठिको आयोजना :**
स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ९२ (ञ) को व्यवस्था अनुसार जिल्ला स्थित विकास निर्माण सँग सम्वन्धीत संघीय, प्रदेश स्तरिय कार्यालयहरू र जिल्ला भित्रका स्थानीय तहहरूको वार्षिक समिक्षाको कार्यकम जिल्ला समन्वय समिति तनहुँको वोर्ड वैठकको मिति २०७६/५/१९ गतेको निर्णय नं. १ अनुसार मिति २०७६/५/२६ गतेका दिन मर्स्याङ्दी रिभर भ्यू रिसोर्ट, तनहुँमा सम्पन्न गरिएको छ ।

**२९. जि.स.स.का पदाधिकारी / सदस्यहरूबाट वाह्य कार्यालय र कार्यकममा सहभागिता :**
जिल्ला समन्वय समितिका पदाधिकारी तथा सदस्यहरूबाट जिल्ला भित्र तथा वाहिर संघीय सरकार र प्रदेश सरकार एवम् ती सरकार मातहतका विभिन्न निकाय, कार्यालयहरूका कार्यकमहरूमा सहभागिता भएको छ । यस्ता कार्यकमहरूमा सहभागि हुने पदाधिकारी/सदस्यहरूले जिल्ला समन्वय समिति तनहुँको प्रतिनिधित्व सहीत कार्यकममा आवश्यक सुझाव, सल्लाह, पृष्ठपोषण प्रदान गर्ने देखि आवश्यक समन्वय, सहजीकरण गर्ने र कार्यकमको विषय वस्तुमा जानकारी प्राप्त गर्ने समेतका कामहरू भएका छन् ।

~*~

आज मिति २०७७/०४/०९ गते शुक्रबारको दिन विहान ८:३० बजे जिल्ला सभाका अध्यक्ष एवं जिल्ला समन्वय समिति, तनहुँका प्रमुख श्री शन्तिरमण वाग्ले ज्यूको अध्यक्षतामा देहायका जिल्ला सभा सदस्यहरु तथा आमन्त्रित सहभागीहरुको उपस्थितीमा जिल्ला सभा बैठक बसी देहायबमोजिमको निर्णय गरियो ।

**उपस्थिती :**

| | | | | |
|---|---|---|---|---|
| | १. श्री शान्तिरमण वाग्ले | प्रमुख, | जि.स.स. | (अध्यक्ष) |
| | २. श्री बैकुण्ठ न्यौपाने | प्रमुख, | व्यास न.पा. | (सदस्य) |
| | ३. श्री उदयराज गौली | प्रमुख, | भानु न.पा. | (सदस्य) |
| | ४. श्री किसान गुरुङ | प्रमुख, | शुक्लागण्डकी न.पा. | (सदस्य) |
| | ५. श्री मेख बहादुर थापा | प्रमुख, | भिमाद न.पा. | (सदस्य) |
| | ६. श्री राजेन्द्रकृष्ण श्रेष्ठ | अध्यक्ष, | ऋषिङ गा.पा. | (सदस्य) |
| | ७. श्री माया राना | अध्यक्ष, | म्याग्दे गा.पा. | (सदस्य) |
| | ८. श्री गिर बहादुर थापा | अध्यक्ष, | आँबुखैरेनी गा.पा. | (सदस्य) |
| | ९. श्री पूर्ण सिंह थापा | अध्यक्ष, | बन्दिपुर गा.पा. | (सदस्य) |
| | १०. श्री रन बहादुर राना | अध्यक्ष, | घिरिङ गा.पा. | (सदस्य) |
| - | ११. श्री दुर्ग बहादुर थापा | अध्यक्ष, | देवघाट गा.पा. | (सदस्य) |
| | १२. श्री मिरा जोशी | उप-प्रमुख, | व्यास न.पा. | (सदस्य) |
| | १३. श्री सविता रसाईली | उप-प्रमुख, | शुक्लागण्डकी न.पा. | (सदस्य) |
| | १४. श्री आशा थापा | उप-प्रमुख, | भानु न.पा. | (सदस्य) |
| - | १५. श्री शारदा खनाल | उप-प्रमुख, | भिमाद न.पा. | (सदस्य) |
| | १६. श्री गिनु माया थापा | उपाध्यक्ष, | ऋषिङ गा.पा. | (सदस्य) |
| | १७. श्री बालकृष्ण घिमिरे | उपाध्यक्ष, | म्याग्दे गा.पा. | (सदस्य) |

**उपस्थिती : ....**

| | | | | |
|---|---|---|---|---|
| | १८. श्री पुष्पा देवी श्रेष्ठ | उपाध्यक्ष, | आँबुखैरेनी गा.पा. | (सदस्य) |
| | १९. श्री करुणा गुरुङ | उपाध्यक्ष, | बन्दिपुर गा.पा. | (सदस्य) |
| | २०. श्री सरस्वती घिमिरे (सिग्देल) | उपाध्यक्ष, | घिरिङ गा.पा. | (सदस्य) |
| | २१. श्री विमला थापा | उपाध्यक्ष, | देवघाट गा.पा. | (सदस्य) |
| | २२. श्री प्रेम राज गिरी | जि.स.अ., | जि.स.स.का. | ([illegible]-सचिव) |

**उपस्थित सदस्यहरु :**

| | | | |
|---|---|---|---|
| | १. श्री पवित्रा देवी पौडेल | उप-प्रमुख, | जि.स.स., तनहुँ |
| | २. श्री निल बहादुर थापा | सदस्य, | जि.स.स., तनहुँ |
| | ३. श्री केश बहादुर सुनार | सदस्य, | जि.स.स., तनहुँ |
| | ४. श्री अर्जुन बहादुर अधिकारी | सदस्य, | जि.स.स., तनहुँ |
| | ५. श्री गल बहादुर गुरुङ | सदस्य, | जि.स.स., तनहुँ |
| | ६. श्री धनीमाया थापा | सदस्य, | जि.स.स., तनहुँ |
| | ७. श्री दिव्यश्वरी वि.क. | सदस्य, | जि.स.स., तनहुँ |
| | ८. श्री सरस्वती गौतम | सदस्य, | जि.स.स., तनहुँ |